# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १२७ | काठमाडौं | सोमबार, ११ भदौ २०८० | Prabhab National Daily | Monday, August 28, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# संसदीय समितिले आज पूर्णता पाउँदै

■ प्रभाव संवाददाता



- १० वटा विषयगत समितिमध्ये नौ वटामा एकल उम्मेदवारी, एउटा समितिमा दुई जनाको उम्मेदवारी
- एकल उम्मेदवारी परेको समितिमा स्वतः सभापति निर्वाचित हुने
- सभापति घोषणा र शपथ ग्रहण आजै हुने

**काठमाडौं–** प्रतिनिधिसभाअन्तर्गत गठित १० वटा विषयगत समितिले आज पूर्णता पाउँदै छ। समितिका सभापतिको उम्मेदवारी प्रस्ताव दर्तापछि आइतबार ती प्रस्तावको सूची प्रकाशित भइसकेको छ। आज सम्बन्धित समितिमा ती प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिनेछन्।

संघीय संसद् सचिवालयका अनुसार नौ वटा विषयगत समितिमा एकल उम्मेदवारी र एउटा समितिमा दुई जनाको उम्मेदवारी प्रस्ताव दर्ता भएको छ। एकल उम्मेदवारी प्रस्ताव आएका समितिमा स्वतः सभापति घोषणा हुने र दुई जनाको उम्मेदवारी रहेको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिका लागि निर्वाचन गरिने संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए। उनका अनुसार आज सभापति घोषणासँगै शपथ ग्रहणको काम पनि गर्ने तयारी सचिवालयको छ।

दर्ता भएका प्रस्ताव सम्बन्धित समितिको आज बस्ने बैठकमा प्रस्तावकले प्रस्तुत गर्नेछन् र समर्थकले उक्त प्रस्तावको समर्थन गरेपछि निर्णयार्थ प्रस्तुत हुनेछ। एकमात्र प्रस्ताव दर्ता भएका समितिमा समर्थक सदस्यले बोलिसकेपछि सभापतित्व गर्ने सदस्यले प्रस्तावित सदस्य सभापति पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछन्।

दुई वटा प्रस्ताव दर्ता भएको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिका लागि दर्ता क्रमअनुसार समर्थक सदस्यले बोलिसकेपछि दुईवटै प्रस्तावमाथि छलफल हुनेछ। त्यसपछि तत्काल सभापतित्व गर्ने सदस्यले प्रस्तावलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नेछन्। समितिको आजको बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा बस्ने पनि प्रवक्ता गिरीले जानकारी दिए।

प्रतिनिधिसभाअन्तर्गतका समितिको सभापतिको निर्वाचनका लागि प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७६ को उपनियम (१) बमोजिम सभामुखले आज दिउँसो ३ बजेको समय निर्धारण गरेका छन्। समितिको सभापतिका लागि नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी (जसपा), नेकपा (एकीकृत समाजवादी) र जनमत पार्टीकातर्फबाट आज उम्मेदवारी दर्ता भएको संघीय संसद् सचिवालयले जनाएको छ।

दशमध्ये नौ समितिको सभापतिमा एकल उम्मेदवारी परेको छ भने उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा दुई जनाको उम्मेदवारी परेको छ। उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा जनमतका अब्दुल खान र रास्वपाका गणेश पराजुलीको उम्मेदवारी छ।

अर्थ समितिको सभापतिमा नेपाली कांग्रेसका सन्तोष चालिसे, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिमा जसपाका राजकिशोर यादवको उम्मेदवारी परेको छ। कानुन, न्याय तथा मानवअधिकार समितिको सभापतिमा माओवादी केन्द्रकी विमला सुवेदी, कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापतिमा (बाँकी पृष्ठ ५ मा)

# फेरि ब्युँतियो ताम्सालिङको माग

- २०६६ मंसिर २१ गते ताम्सालिङ संयुक्त संघर्ष समितिले काठमाडौं उपत्यकाका तीन जिल्लाको नेवार बाहुल्य क्षेत्र, काभ्रेको बनेपा र मकवानपुरको चित्लाङसमेतलाई छोडेर काठमाडौं वरिपरिको तामाङ बाहुल्य क्षेत्रलाई ताम्सालिङ स्वायत्त प्रदेश घोषणा गरेको थियो
- पिँधबाट मुक्ति खोज्दै लानुपर्नेमा आन्दोलन पुँजीवादी शैलीमा माथिबाट लान खोजिएकोले पुनर्विचार गर्न राजनीतिक विश्लेषक विष्णुभक्त दुलाल 'आहूति'को आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकमा नयाँ संविधान जारी भएसँगै सुस्ताएको पहिचानको आन्दोलन पछिल्लो समय ब्युँतिन थालेको छ। मुख्यतः प्रदेश १ को नामांकनको समयमा उठेको आन्दोलनले पहिचानवादीहरूलाई ब्युँताउने काम गरेको विश्लेषकहरूको भनाइ छ। प्रदेशको नाम 'कोशी' राख्ने प्रस्ताव प्रदेशसभाबाट पारित गरिएको विरोधमा चर्किएको आन्दोलनका क्रममा एक जनाको मृत्युसमेत हुन पुग्यो। त्यसयता कोशी नाम खारेजीको आन्दोलन निरन्तर चलिरहेको छ।




एकातर्फ प्रदेश खारेजीको बहस चलिरहँदा अर्कोतर्फ पहिचानपक्षधरहरू देशव्यापी आन्दोलनको तयारीमा जुटेका छन्। यही क्रममा आइतबार ताम्सालिङ संयुक्त संघर्ष समिति ब्युँताइएको छ। झण्डै १४ वर्षपछि डा. गणेश योञ्जनको अध्यक्षतामा फेरि ताम्सालिङ संयुक्त संघर्ष समिति ब्युँतिएको हो। पुनर्गठित समितिको सदस्यसचिवमा मोहन गोले तामाङ, प्रवक्ता जय गोले तामाङ तोकिएका छन्।

धुम्बाराहीस्थित एसआर ब्यांक्वेटमा संघर्ष समिति घोषणा गर्न आइतबार आयोजित कार्यक्रममा सम्बोधन गर्दै अध्यक्ष योञ्जनले तामाङ जातिको अधिकार स्थापित गर्नका लागि यो अभियान थालिएको बताए। जापानका लागि पूर्वराजदूतसमेत रहेका योञ्जनले अभियान कुनै नयाँ पार्टी स्थापनाका लागि नभई भएकै पार्टीभित्र अन्तरसंघर्ष बढाउन भएको प्रस्ट पारे। 'यो स्वायत्त ताम्सालिङ राज्य निर्माणका लागि हो। विभिन्न पार्टीमा लागेका तामाङहरूलाई समाहित गरी यो अभियान सुरु गरिएको हो। नयाँ पार्टी खोल्नका हैन,' उनले भने।

२०६६ मंसिर २१ गते ताम्सालिङ संयुक्त संघर्ष समितिले काठमाडौं उपत्यकाका तीन जिल्लाको नेवार बाहुल्य क्षेत्र, काभ्रेको बनेपा र मकवानपुरको चित्लाङलाई छोडेर काठमाडौं वरिपरिका तामाङ बाहुल्य क्षेत्रलाई ताम्सालिङ स्वायत्त प्रदेश घोषणा गरेको थियो। यसमा मूलतः काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर, चितवन, धादिङ, रसुवा, नुवाकोट जिल्ला पर्दछन्। (बाँकी पृष्ठ २ मा)

## 'मिसन ८४ सहित आन्दोलनमा होमिएका छौं'



**मोहन गोले**
**सदस्यसचिव, ताम्सालिङ संयुक्त संघर्ष समिति**

**तपाईंहरूको मुख्य माग ताम्सालिङ भन्नुभयो, तर मागको चाङ त थुप्रो छ नि?**

हामी विशेषगरी चार-पाँचवटा मागमा ध्यान दिन्छौं। परम्परागत संस्कृतिक सत्ता पुनःस्थापनामा जोड दिन्छौं। यो प्रदेशमा बस्ने अल्पसंख्यक समुदायको संविधानले व्यवस्था गरेअनुसार स्वायत्त क्षेत्र निर्माणमा हामी काम थाल्छौ। ऐतिहासिकता प्रतिनिधित्व र पहुँचको आधारमा, सीमा निर्धारणका कुराहरू छन्। मुख्य माग ताम्सालिङ स्वायत्त प्रदेश नै हो।

**कसरी अगाडि लैजाने तयारी गर्नुभएको छ आन्दोलनलाई?**

यसका विभिन्न चरण छन्। देशभित्र र बाहिर। यहाँ हाम्रो समुदायको साथ छ नै। यसलाई हामी अन्तर्राष्ट्रियकरण पनि गर्छौं। प्रवासमा हाम्रो ठूलो शक्ति छ। यसलाई परिचालन गरेर राष्ट्रिय/अन्तर्राष्ट्रिय रूपमा उठाएर लान्छौं। (बाँकी पृष्ठ ५ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# साउदी समस्याबारे व्यवसायी र महानिर्देशक दाहालबीच छलफल

■ प्रभाव संवाददाता



**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीहरूले पछिल्लो समय साउदी अरेबियामा नेपाली श्रमिक पठाउँदा देखिएको समस्या समाधानबारे वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दाहालसँग छलफल गरेका छन्। नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा गएको व्यवसायीहरूको टोलीले आइतबार विभागका महानिर्देशक दाहालसँग भेट गरी साउदीमा नेपाली श्रमिकले खेप्नुपरेको समस्या, मागपत्र प्रमाणीकरणमा हुने ढिलाइलगायतका विषयमा छलफल गरेको हो। रोजगारीका लागि साउदी जाने नेपाली श्रमिकहरूले सम्झौताअनुसार समयमै सेवासुविधा, तलब नपाउने समस्या भइरहेकोप्रति सरकारले नै पहल गरिदिनुपर्ने आवश्यकता देखिएको भन्दै ध्यानाकर्षण गराउन महानिर्देशक दाहलसँग छलफल गरिएको संघका महासचिव मेघनाथ भुर्तेलले बताए। उनका अनुसार साउदीमा श्रमिक पठाउने क्रममा व्यवसायीबीच हुने अस्वस्थ प्रतिस्पर्धा र मागपत्र प्रमाणीकरणमा देखिएको समस्या निराकरणका लागि पनि छलफल भएको छ। 'विशेषतः श्रमिक पठाउँदा हुने समस्या समाधानको सवाल नै छलफलको विषय हो,' महासचिव भुर्तेलले भने, 'पहिलो सर्त भनेकै साउदी जाने श्रमिकको काम, कम्पनी, तलब र सुरक्षाको ग्यारेन्टी हुनुपर्छ, यसमा केही समस्या देखिएको हुँदा समाधानका लागि विभागसँग आग्रह गरेका छौं।' छलफलका क्रममा महानिर्देशक दाहालले साउदीमा श्रमिक पठाउँदा देखिएका समस्या, व्यवसायीबीच हुने अस्वस्थ प्रतिस्पर्धा र मागपत्र प्रमाणीकरणमा हुने ढिलाइ अन्त्यका लागि विभागबाट सक्दो पहल गर्ने प्रतिबद्धता जनाएको महासचिव भुर्तेलले जानकारी दिए। यसअघि पनि साउदीमा नेपाली श्रमिक पठाउँदा विभिन्न समस्या देखापरे पनि समय-समयमा हुने छलफल र अन्तरक्रियाबाट समाधान हुँदै आएको उनले बताए। यद्यपि, साउदीमा कार्यरत नेपाली श्रमिकको बहिर्गमन भिसा, श्रम नवीकरण, तलब भुक्तानी तथा रोजगारीका क्रममा मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनलगायतका सम्बन्धमा अझै पनि सास्ती खेप्नुपरेको बताइएको छ।

# वैदेशिक रोजगारीको नाममा ठगी गर्ने चार जना पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा पठाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ। क्रोएसिया, नेदरल्याण्ड, क्यानडा र कुवेतमा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै विभिन्न व्यक्तिसँग रकम संकलन गरी फरार रहेको आरोपमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा रामेछापको उमाकुण्ड गाउँपालिका घर भई काठमाडौं गोठाटार बस्ने ३५ वर्षीया शर्मिला सुनुवार, कास्कीको पोखरा महानगरपालिका-११ घर भई ललितपुर नख्खिपोट बस्ने ४० वर्षीया तारा गुरुङ, नवलपरासीको देवचुली नगरपालिका घर भई काठमाडौं टोखा बस्ने ३० वर्षीय समिर आले मगर र सल्यानको कपुरकोट गाउँपालिका घर भई भक्तपुर सुर्यविनायक बस्ने ५१ वर्षीय जगतबहादुर खड्का रहेका छन्।

सुनुवारले लक्ष्मण हमाललाई क्रोएसियामा फुड प्याकिङको काममा एक लाख बढी तलब हुने प्रलोभन देखाई पटक-पटक गरी दुई लाख रूपैयाँ लिएर ठगी गरेको प्रहरीले जनाएको छ। त्यस्तै गुरुङले नेदरल्याण्डमा सुपरमार्केटको काममा एक लाख बढी तलब हुने प्रलोभन देखाई रविन चौधरीसँग पटक-पटक गरी तीन लाख ४५ हजार रूपैयाँ लिएर फरार भएको अवस्थामा पक्राउ गरेको प्रहरीले जनाएको छ। यसैगरी मगरले क्यानडामा प्रतिष्ठित मार्केटमा दुई लाखभन्दा बढी तलब हुने विश्वास दिलाई महेश पौडेलसहित दुई जनासँग पटक-पटक गरी पाँच लाख ४५ हजार रूपैयाँ लिएर ठगी गरेको प्रहरीले उल्लेख गरेको छ। त्यसैगरी खड्काले कुवेतमा बाइक राइडरको काम लगाइदिने भन्दै ५० हजार रूपैयाँभन्दा बढी तलब हुने प्रलोभन देखाई दीलिप विष्टसँग पटक-पटक गरी एक लाख ९४ हजार रूपैयाँ लिएर ठगी गरेको प्रहरीले जनाएको छ।

पक्राउ परेका चार जनालाई नै काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरेको बताइएको छ। पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो। सोही आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीको लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक मिलन केसीले जानकारी दिए।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं। दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं।**

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

बाल सुधारगृह प्रकरण

# मृतक परिवारसाग सहमति, ५७ जना उपत्यकाबाहिर स्थानान्तरण

**भक्तपुर–** मध्यपुरथिमि नगरपालिका-२ सानोठिमीस्थित बाल सुधारगृहमा रहेका युवकको यही ३ गते भएको मृत्यु प्रकरणमा जिल्ला प्रशासन कार्यालय भक्तपुरमा मृतक परिवारसँग आठौं दिनमा आइतबार सहमति भएको छ । रामेछापको मन्थली नगरपालिका-३, कठजोरका १८ वर्षीय कमल बस्नेतको ज्वरोले थलिएको अवस्थामा समयमै उपचार नपाउँदा भदौ ३ गते बिहान मृत्यु भएपछि मृतकका आफन्त र परिवारले क्षतिपूर्तिको माग गर्दै शव उठाएका थिएनन ।

यही भदौ ३ गते मृतकका आफन्तले बाल सुधारगृह अगाडि नाराबाजी गरी तोडफोड गरेपछि दिनभर तनावग्रस्त बनेको थियो भने ४ गते मृतकका आफन्तले नाराबाजी र बाल सुधारगृहका बन्दीले विद्रोह गरेर तोडफोड गरी २२१ जना फरार भएका थिए ।

पटक-पटकको छलफलसँगै आइतबार जिल्ला प्रशासन कार्यालय भक्तपुरमा प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालको अध्यक्षतामा प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक प्रजित केसी, सुरक्षा निकायका प्रमुखहरू, युसेप नेपालका निर्देशक केशव सुवाल र प्रतिनिधिहरू तथा मृतक परिवारसँग भएको छलफल सहमतिमा टुंगिएको हो । आइतबार भएको छलफलमा शवपरीक्षण गरी सदगद गर्ने सहमति भएको भक्तपुरका प्रजिअ रिजालले जानकारी दिए । उनले भने, 'मृतकका परिवार र आफन्तसँग पटक-पटक छलफल गर्‍यौं र आज जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा शवपरीक्षण गर्ने, शवपरीक्षणपछि मृतकको दाहसंस्कार गर्ने, छानबिन कमिटीबाट आएको रिपोर्टअनुसार अगाडि बढ्ने, मृतक परिवारका लागि राहत रकमका लागि नेपाल सरकारलाई लेखी पठाउने सहमति भएको छ ।'

मृतक परिवारले भने १० लाख रूपैयाँ क्षतिपूर्ति एवं राहत रकमको माग गर्दै आएका थिए । युसेप नेपालले मृतकको काजकिरिया गर्नका लागि आफ्ना कर्मचारीको केही दिनको तलब काटेर सहयोगस्वरूप दुई लाख रूपैयाँ सहयोग रकम उपलब्ध गराएको छ । सहमति भएसँगै मृतक बस्नेतको आज शिक्षण अस्पताल महाराजगञ्जमा शवपरीक्षण गर्ने र दाहसंस्कार हुने भएको छ ।

त्यसैगरी बाल सुधारगृहमा रहेका ५७ जनालाई कारागार विभागले उपत्यकाबाहिरका सुधार गृहमा स्थानान्तरण गरेको छ । जिल्ला प्रशासन कार्यालय भक्तपुरको सिफारिसमा विभागले सानोठिमीस्थित सुधारगृहबाट १८ जनालाई पर्साको, १८ जनालाई मकवानपुरको, सात जनालाई डोटीको र १४ जनालाई रूपन्देहीको सुधारगृहमा स्थानान्तरण गरेको विभागले जानकारी दिएको छ ।

स्थानान्तरण गरिएकाहरू अधिकांश १८ वर्षमाथिका छन् । सुधारगृहमा रहेका २९७ मध्ये ४३ बालिका र किशोरी छन् । सुधार गृहमा रहेका बालक एवं १८ वर्षमाथिका किशोरहरू दुई समूहमा विभाजन भई ग्याङ बनाउने र आपसमा झगडा गर्ने, विवाद मिलाउन गएका प्रहरीमाथि नै जाइलाग्ने गर्न थालेपछि थप घटना हुन नदिन उनीहरूलाई अन्यत्र स्थनान्तरण गरेको बताइएको छ ।

सुधारगृहमा अधिकांशलाई जबर्जस्ती करणी, कर्तव्य ज्यान, लागुऔषध, डाँका, ज्यान मार्ने उद्योग, अभद्र व्यवहार, चोरीलगायतको मुद्दामा अदालतको आदेशले सुधारगृहमा राखिएको थियो । सानोठिमीको सुधारगृहमा रहेकामध्ये १५४ जना जबर्जस्ती करणीमा, ५८ जना कर्तव्य ज्यानमा संलग्न थिए । अदालतले १८ वर्षभन्दा कम उमेरका अपराधमा संलग्नहरूलाई सुधारगृह पठाउने गर्दै आएको छ ।

अदालतले तोकेको अवधि पूरा नगरेसम्म १८ वर्ष उमेर नाघे पनि सुधारगृहमै बस्न पाउने सुविधा दिएको छ । बालबालिकासम्बन्धी ऐनको दफा ४३ (४) मा '१८ वर्ष पुगेमा बानी ब्यहोरामा आएको सुधार, आर्जन गरेको सीप तथा शिक्षालाई ध्यानमा राखी बाँकी अवधि अन्य बालबालिकाबाट अलग राख्नुपर्ने' उल्लेख छ ।

तर सानोठिमीमा रहेकामध्ये १३१ जना १८ वर्षमाथिका किशोरकिशोरी रहे पनि छुट्टाछुट्टै राख्ने व्यवस्था भने सरकारले गर्न नसक्दा सुधार गृहभित्रै अर्को अपराधका घटना होलान् भन्ने जोखिम भने रहँदै आएको छ । केटा १०० र केटी १० जनाको क्षमता रहेको यहाँको सुधारगृहमा तेब्बरभन्दा बढी २९९ बालबन्दी रहँदै आएकामा ५७ जनालाई स्थानान्तण गरेको हो । यही भदौ ४ गते सुधारगृह तोडेर फरार रहेकामध्ये छ जनाबाहेक अरूलाई २४ घण्टाभित्रै प्रहरीले पक्राउ गरेको थियो । छ जना अझै फरार छन् ।

कारागार विभागका अनुसार देशभरमा बाल सुधारगृहमा एक हजार १ २७ बालबालिका छन् । अपराधमा मुछिएका १८ वर्षमुनिका बालबालिका राख्न मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रूपन्देही, बाँके र डोटीमा बालसुधारगृह सञ्चालनमा रहेका छन् । *रासस*

## फेरि...

पृष्ठ १ बाट जारी

यो मूल क्षेत्रसँग जोडिएका अन्य जिल्लाका तामाङ बाहुल्य पनि यसैमा हुने उद्घोष गरिएको थियो । तामाङ जाति (राष्ट्र)को आत्मनिर्णय, स्वशासन र स्वायत्तताको अधिकार तथा ताम्सालिङ प्रदेशमा तामाङको अग्राधिकारको माग गरिएको थियो । यो अभियानले सेलाउँदै गएपछि धेरैले यसबारे चासो दिएका थिएनन् ।

पछिल्लोपटक कानुन व्यवसायी भगवती पाण्डेले तामाङ जातिलाई 'अपराधिकरण' गर्न लागिपरेको भन्दै नेपाल तामाङ घेदुङलगायतका संस्थाहरूले प्रदेशको नाम बागमती घोषणा भएको झण्डै चार वर्षपछि पुनः आन्दोलनको सुरसार गरेको हो । अभियानले आत्मनिर्णयको अधिकारसहित ताम्सालिङ स्वायत्त प्रदेशको मागलाई जोड दिएको छ । साथमा २५ बुँदे विभिन्न माग अघि सारेको छ । विभिन्न चरणमा यस अभियान अघि बढाउने भनिए पनि समय भने तोकिएको छैन । यो अभियान कति समयसम्म जान्छ ? कतै बीच बाटोमा पुगेर तुहिने त हैन ? घोषणा कार्यक्रममा उठेका प्रश्नको जवाफ दिँदै योञ्जनले भने, 'संघर्ष समिति घोषणा गरेको तामाङ राष्ट्रका लागि, राष्ट्रिय मुक्तिका लागि हो । यो कतै सेलाउने हो कि । कतै लडखडिने पो हो कि भन्ने भ्रमबाट मुक्त भएर उद्देश्य प्राप्तिका लागि अन्तिम घडीसम्म हामी लड्छौं ।'

नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष गेल्जे शेर्पाले निर्णायक आन्दोलन गर्ने हो भने महासंघ सहयोग गर्न तयार रहेको बताए । उनले प्रदेश १ को आन्दोलनबाट पनि ताम्सालिङ संघर्ष समितिले सिक्नुपर्ने उल्लेख गर्दै भने, '१ नम्बर प्रदेशमा आन्दोलन कसरी सफलताउन्मुख छ । त्यो विषयमा जनजाति महासंघसहित त्यहाँको संघर्ष समितिसँग बसौं । त्यसको मूलमन्त्र हामी दिन्छौं । तथ्यांकमा १६ लाख देखाए पनि झण्डै २० लाख तामाङ काठमाडौं वरिपरि राम्रो भूगोलमा बसेका छन् । तर अधिकार पाएनन् । अब ताम्सालिङका लागि मुठी कसेर लाग्नुस् । म सहयोग गर्न तयार छु ।'

यद्यपि, ताम्सालिङ संघर्ष समितिको पुनर्गठिन अभियानप्रति राजनीतिक विश्लेषक विश्वभक्त दुलाल (आहुति)ले शंका व्यक्त गरेका छन् । उनले संघर्ष समितिका मागहरूमा थप छलफल जरुरी रहेको तर्क गरे । 'हिजो हामी जे कारणले असफल भयौं । अब नयाँ सफलताका लागि नयाँ विचार के ?,' आहुतिले भने, 'मैले नयाँ कोण भेटिनँ । नयाँ विचारमा अलिकति छलफल जरुरी छ ।'

पिँधबाट मुक्ति खोज्दै लानुपर्नेमा आन्दोलन पुजीवादी शैलीमा माथिबाट लान खोजिएको शंका उनले व्यक्त गरे । 'संसारमा मुक्ति आन्दोलनका दुईटा तरिका छन् । एउटा माथिबाट मुक्ति खोज्दै जाने, अर्को सबभन्दा पिँधबाट । ताम्सालिङले माथिबाट मुक्ति खोज्दै जान लागेको हो कि भन्ने मलाई लागेको छ,' आहुतिले भने, 'पुँजीवादले माथिबाट र साम्यवादले पिँधबाट भन्छ । कार्ल माक्सले के भनेका थिए भने- यदि मानव जातिको मुक्ति खोज्ने हो भने सबभन्दा पिँधमा परेका जातिबाट सुरु गर्नुपर्छ । समाजमा सबभन्दा शोषितको मुक्ति भयो भनेमात्र मुक्ति सफल हुन्छ ।'


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TRANSPAK PENANG SDN BHD

पूर्व स्वीकृति मितिः २०८०/०३/११ पून स्वीकृति मितिः २०८०/०५/१० LT. No. 288497 चलानी नं. ६०२०५३५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४२७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा अन्तरवार्ता भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः कामदार आफैंले सेवा शुल्कः नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

R. A. International Employment Agency Pvt Ltd

श्रम ईजाजत नं. १४०४/०७४/०७५

Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745

E-mail: rainternational81@gmail.com,Website www.rainternational.net



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAYA GULF CORPORATION

पूर्व स्वीकृति मिति : २०८०/०५/१० LT. No. 291706 चलानी नं. ६०२०६८६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labor | 2 | 0 | 1000 | ३५,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd.

Govt. License 1463/074/075

Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787

Mbl N. 9843103248, 9841093498, 9840747493



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INSPECTION CORROSION ENGINEERING SERVICES WLL

पुर्व स्वीकृति मिति २०८०/०४/३० पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१० LT. No. :291046 चलानी नं.६०२०६१३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Technician | 25 | 0 | 1200 | ४३,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Center Overseas Concern Pvt.Ltd

श्रम ईजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## Zero Cost Recruitment in Malaysia

## मलेसियामा शुन्य लागतको रोजगार

यो मागपत्र शुन्य निति अर्न्तगत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरु (राहदानी रु ५००० (नँया राहदानी मात्र), मेडिकल रु ८६६४, भिषा शुल्क रु. ७०६४, यातायात खर्च रु. ७५० (अर्न्तवार्ताको समयमा दुई तर्फि र प्रस्थान अधि एक तर्फि), खाना र बस्न खर्च दिनको रु. ४५० (अर्न्तवार्ताको समयमा २ दिन र प्रस्थान अधि ४ दिन), अभिमुखिकरन रु. ७००, बिमा रु. ३७०८, कल्याणकारी कोष रु. १५००, फोटो २००, हवाई टिकट, (रोजगारदाताले बहन गर्दछ ।

Under the zero-cost policy, the employer will bear all the cost for the candidates that includes : Passport fee (NPR 5000; refunded if unused); Medical Screening expenses (NPR 8660); Visa fees (NPR 7064); Transportation costs (NPR 750 for interview round trip and one-way before departure); Lodging and Fooding compensation (NPR 450 per day for 2 days during the interview and 4 days before departure); Orientation fee (NPR 700); Insurance cost (NPR 3708); and Welfare fund contribution (NPR 1500). The employer will also cover air tickets expenses and agency service charges.

(NAME OF EMPLOYER): ORYX ADVANCED MATERIALS SDN.BHD

रोजगारदाता कम्पनी : वरेक्स एडभान्स मेटिरियल्स एस.डीएन. बीएचडी

पूर्व स्वीकृति मिति: २०७९/०७/२५ (Pre Approval Date: 2022-11-11 | पुन स्वीकृति मिति : २०८०/०५/१० Re–Approval date : 2023/8/27 | चलानी नं.: ६०१९१५५७ (Reference No. 60191557 | LOT No. 275105 | शहर: MALAY

| सि.नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्युनतम योग्यता | Monthly Basic Salary मासिक तलव RM | Monthly Basic Salary मासिक तलव ने.रू | Overtime Facility ओभरटाइम सुविधा | Working\ Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accommodation Facility बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing Sec.) फ्याक्ट्री वर्कर | 8 ८ | 0 ० | Proficient in reading, speaking writing understanding in English with +2 pass अंग्रेजीमा राम्रोसँग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने तथा +२ पास गरेको हुनु पर्ने | 1500 १५०० | 42788 ४२७८८ | As per Malasian Labour Law मलेशियन श्रम कानुन अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छ | Yes छ As per Malaysian law मलेशियन कानुन बमोजिम | 2 Years २ वर्ष |

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन विमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवाशुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताल ` व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

नोट : ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को माहारजगंज काठमाण्डौ वाहेक कुनै पनि शाखा कार्यालय वा भर्ति शाखा नभएको जानकारी गराउछौं । यदि कसैले आफु ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. मध्यस्तकर्ता भएको दाबी गरेमा त्यो पुर्णत झुठो भएको सुचित गराउछौं । यस प्रा.लि. बाट वैदेशिक रोजगारीमा जाने कामदारहरूले कुनै पनि शुल्क तिर्नु पर्ने छैन तथा तपाईले पाउने तलब बाट कुनै पनि शुल्क कटौती गरिने छैन ।

NOTE : Trust Nepal Overseas (P) Ltd has no branches or affiliation with any recruitment agencies. If anybody makes a claim posing as a mediators for this agency are completely untrue. The prospective candidates who choose us are not required to pay any recruitment fees. All the expenses associated to recruitment processes will fully be borne by the employer and no money will be deducted from the workers' salary as well.

Interview Date /Venue : अन्तर्वताको मिति र स्थान

अन्तर्वता ट्रष्ट नेपाल ओभरसिजप्रा.लि.को माहारजगँज काठमाण्डौ अफिस कार्यालयमा २०८०/०५/१८ गते हुनेछ ।

The interview will be conducted at the premises of Trust Nepal Overseas ,Maharajgunj Kathmandu 04 September 2023

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारी मुलुक सामाग्रीहरु जस्तै पर्चा ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्यन गरी जानकार हुन अनुरोध गर्दछौं ।

We kindly request you to thoroughly study and comprehend the informative materials such as flyers , banners and flexes prominently displayed at our office premises.

अन्तर्वतामा सहभागी हुनु हुने उमेदवारहरुले आफ्नो खोपको क्युआर कोड प्रमाणपत्र अनिवार्य रुपमा ल्याउन अनुरोध गर्दछौं।

It is mandatory for all interview attendees to bring their QR vaccination certificate on the day of interview.

अन्तर्वता कोभिड १९ को रोकथाम प्रकृया र सामाजिक दुरी कायम गरि आयोजना गरिनेछ ।

The interview will be conducted by strictly adhering to social distancing and COVID -19 protocols.

अन्तर्वार्तामा सहभागी हुनु हुने उम्मेदबारहरूले अनिवार्य मास्कको प्रयोग गर्नु हुन अनुरोध गर्दछौं । All the interview attendees are required to wear a facemask throughout the duration of the interview. अवैध व्यक्ति वा भर्तिकर्ताहरू देखि सावधान रहनुहोस् । Please remain cautious and vigilant regarding the presence of unauthorized individuals or recruiters.

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को नाम लिई कुनै व्यक्ति वा सँस्थाले कुनैपनि प्रकारको शंकासपद अवैद क्रियाकलापबाट अनुपयुक्त भर्ति शुल्कको माग गरेमा यस प्रा.लि. को हेल्पलाईन नम्बर ९८०२०२१३६१ वा ईमेल ठेगानमा info@trustnepal.com मा सम्पर्क गरि जानकारी दिनुहुन हार्दिक अनुरोध गर्दछौं । तपाई ढुक्क हुनुहोस हामी तपाइको गोपिनियताको उच्च सम्मान गर्दै यसलाई सुरक्षित राख्ने प्रतिवद्दता व्यक्त गर्दछौं ।

If any individual or organization attempts to unlawfully demand recruitment fees or engage in suspicious activities with the interviewee by falsely associating themselves with Trust Nepal Overseas, we kindly urge you to contact and report us right away to our helpline number 9802021361 or email us at info@trustnepal.com. Your identity will remain confidential.

नोट : विदेश नगएका नयाा व्यक्तिहरुलाई विशेष प्राथमिक्ता दिईनेछ । पहिला आउने पहिलो प्राथमिक्ता अन्तर्गत फर्म वितरण गरिनेछ । आवेदन दीन आाउदा +२ उतिर्ण गरेको मार्कसिट सहीत उपस्थित हुनु पर्नेछ ।

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment) :-** १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस । 1. Confirm that Visa is issued under your name. २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. ३. यस विज्ञापन (सूचना) माउल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. ४. विदेशजानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपने छ । 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. ५. विदेश जानु अघि आफु जाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्यशर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रतिआफुसग राख्नुहोला । 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. ६. काममा विदेशजादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 6. While going abroad you must use International Airport of our country, or else might be deceived. ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7. If you want know more about this advertisement do contact Department of Foreign Employment, Budhanagar.

Trust Nepal Overseas (P.) Ltd.

दर्ता नं.: २५९/०५८/०५९,Govt Lic.No. 259/058/059

We are an eithical and responsible recruitment agency.

हामी एक नैतिक र जिम्मेवार रोजगारी संस्था हो ।

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.

Trust Nepal Overseas Pvt. Ltd.

चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal

फोनः ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८,

Ph. No. 4377190/4377196, Fax No. 977 1 4379588, Email: info@trustnepal.com

Hotline No. 9802021361



बेदकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सिसैया, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

## आ.व.२०८०/०८१ का लागि ढुंगा, गिट्टी, बालुवा लगायतको कर तथा शुल्क संकलनको ठेक्का सम्बन्धि बोलपत्रको आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०५/११**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा(२) को घ(छ), उपदफा ४ त्र तथा सोही ऐनको दफा ६४ को उपदफा १ (च) मा व्यवस्था भए बमोजिम यस न.पा.क्षेत्रबाट संकलन भई आन्तरिक खपत वा अन्य न.पा./गा.पा.निकासी पैठारीका लागि ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल तथा माटोमा आ.व.२०८०/०८१ का लागि आन्तरिक आय सम्बन्धि ठेक्का बोलपत्रका माध्यमबाट गराउनु पर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागि मिति २०८०/०५/११ गतेका दिन सबै योग्य बोलपत्रदाताहरुको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/०६/०९ गते कार्यालय समय सम्म र बोलपत्र खोल्ने मिति २०८०/०६/१० गते दिनको २:०० बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रुपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ । उक्त ठेक्का लिन ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७९/०८० को करचुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी तोकिएको न्यूनतम अंकमा नघट्ने गरि बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएकोछ ।

**तपसिल**

| बोलपत्र/ ठेक्का नं. | नदीजन्य सामग्री, कर तथा दस्तुर संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु.(मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| 06/2080/081 | स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) मा उल्लेख भए बमोजिम बेदकोट न.पा.का नदीहरुका विभिन्न घाट(बगुन, छेला, घुर्सुवा, मुसेपानी, गाउजी) बाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र माटोमा रोयल्टी उठाउने कार्य । | रु.३,२९,७१,६००।- | रु.३,०००।- | कबोल अंकको ५ प्रतिशत |

**शर्तहरू**

१. बोलपत्र सम्बन्धि कागजातहरु मिति २०८०/०५/११ गते देखि मिति २०८०/०६/०९ गते कार्यालय समय भित्र बोलपत्र फाराम दस्तुर रु.३,०००।- (पछि फिर्ता नहुने गरी) एन.आई.सी.एशिया बैंक, बेदकोट शाखामा रहेको राजश्व खाता नं. **1852050028240002** मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर लिई सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत आवेदन दिन सकिनेछ ।

२. खरिद गरेको बोलपत्र मिति २०८०/०६/१० गते दिनको १२:०० बजे सम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा सोही दिनको अपरान्ह २:०० बजे खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन ।

३. धरौटी (जमानत) बापत आफुले कबोल गरेका अंकको ५ प्रतिशतका दरले हुने रकम बेदकोट नगरपालिका, नगर कार्यपालिकाको एन.आई.सी.एशिया बैंक, बेदकोट शाखामा रहेको धरौटी खाता नं. **I5CA052423252403** मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको विडबण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

४. बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

५. आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु बुझाउन पर्ने सबै कर (मु.अ.कर बाहेक) सम्बन्धित दरभाउपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ ।

६. बोलपत्र कुनै कारण देखाई वा नदेखाई स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।

७. बोलपत्र सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# आजदेखि मुद्दाको पेसी तारिख स्वचालित प्रणालीमा



**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतमा आज (सोमबार)देखि पेसी तारिखका लागि स्वचालित (अटोमेसन) प्रणाली लागू हुने भएको छ । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्यायका उपभोक्तालाई छिटो र सहजरूपमा न्याय दिने उद्देश्यले स्वचालित प्रणाली गर्न लागिएको जानकारी दिएका हुन् ।

संवैधानिक तथा न्यायिक पत्रकार मञ्चद्वारा नवनियुक्त प्रधानन्यायाधीश श्रेष्ठलाई बधाई तथा शुभकामना दिन आइतबार आयोजित कार्यक्रममा उनले सोमबारदेखि उक्त प्रणाली लागू गर्न लागिएको जानकारी दिए ।

'पहिला सर्वोच्च अदालतमा परीक्षणका रूपमा मुद्दाको पेसी तारिख अटोमेसन प्रणालीबाट सुरु गरिन्छ, परीक्षण सफल भए काठमाडौं जिल्ला अदालत र धेरै मुद्दा भएका अदालतमा प्रयोगमा ल्याइनेछ,' प्रधानन्यायाधीश श्रेष्ठले भने । यो प्रविधि सर्वोच्च अदालतको सूचना प्रविधि शाखाले बनाएको भन्दै उनले यसको प्रयोग सफल भए न्यायसम्पादनमा सबैलाई फाइदा पुग्ने बताए ।

उनले न्यायाधीश नियुक्ति प्रक्रिया जतिसक्दो छिटो गर्नका लागि आफू लागिरहेको र सक्षम न्यायाधीश नियुक्ति गरेर न्यायलयप्रति जनआस्था बढाउनका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरे । 'न्यायाधीश नियुक्ति प्रक्रिया अघि बढिसकेको छ, न्यायाधीशको संख्या कम हुँदा न्याय सम्पादनमा कठिनाइ भइरहेको छ,' प्रधानन्यायाधीश श्रेष्ठले थपे, 'सक्षम न्यायाधीश नियुक्ति हुनेमा विश्वास दिलाउँछु ।'

नेपालको ३१औं प्रधानन्यायाधीशका रूपमा श्रेष्ठ यही भदौ ४ गते नियुक्त भएका थिए । उनले भदौ ५ गते पद तथा गोपनीयताको शपथ लिएर पदबहाली गरी कार्यभार सुरु गरेका हुन् ।

# चाँगुनारायणका २० घर पहिरोको जोखिममा

**भक्तपुर–** केही दिनदेखि अविरल परेको वर्षा कारण भक्तपुरको चाँगुनारायण क्षेत्रका २० भन्दा बढी घर पहिरोको उच्च जोखिममा परेका छन् । उक्त क्षेत्रको ताथली, झौखेल, सुडाल, वागेश्वरी, नगरकोटलगायतका क्षेत्रका घर जोखिममा परेको चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले जानकारी दिए ।

उनका अनुसार चाँगुनारायण नगरपालिका-९ ताथली नालाछापको राजेन्द्र थापा, शुली पराजुली, रमेश पराजुली, अच्युत पराजुलीका घर पहिरोको उच्च जोखिममा परेका छन् । ताथली हनुमान चोकका तीन घर र ताथली सौडोलको गिरीटोलका छ घर पहिरोको उच्च जोखिममा परेको नगरपालिकाले जनाएको छ । ताथली सौडोलकै देवी उच्च माध्यमिक विद्यालय पनि पहिरोको जोखिममा परेको प्रमुख खत्रीको भनाइ छ ।

पहिरोको जोखिममा परेका घर संरक्षणका लागि नगरपालिकाले टोली नै खटाएको उनले जानकारी दिए । 'नगर क्षेत्रमा पहिरोको जोखिममा परेका घरको विवरण संकलन भइरहेको र स्थानीय तहबाट सूचना प्राप्त हुनासाथ नगरपालिकाले प्राविधिकसहितको विपद् व्यवस्थापन टोली खटाउने काम भइरहेको छ,' प्रमुख खत्रीले भने ।

उनका अनुसार विपद् व्यवस्थापन टोलीले पहिरो निरीक्षण गरी सडक तथा घर बस्ती जोगाउन आवश्यक पहल तत्कालै सुरु गर्ने गरेको छ । नगरपालिकाले पीडितलाई तत्कालै त्रिपाल, प्लास्टिक बोरा, पाइप वितरण गर्ने तथा पहिरो रोकथामका लागि आवश्यक कार्य गरिरहेको उनको भनाइ छ । दीर्घकालीन समस्या समाधानका लागि नगरपालिकाले टेवा पर्खाल लगाउने काम पनि गरिरहेको उनको भनाइ छ ।

प्रमुख खत्रीले नगरपालिकाले विपद् राहत कोषका लागि चालु आर्थिक वर्षमा तीन करोड रूपैयाँ बजेट छुटयाइएको जानकारी दिए । विपद् रोकथामअन्तर्गत पूर्वतयारीका लागि ६५ लाख ५० हजार रूपैयाँ, विपद् व्यवस्थापनका लागि तीन करोड ६५ लाख ५० हजार र नगरपालिकासँगको समन्वयमा आइसेट नेपालले ३६ लाख रूपैयाँको कार्यक्रम सञ्चालन गरेको उनको भनाइ छ ।

नगर प्रमुख खत्रीले भने, 'नगरपालिका र वडामा विपद् व्यवस्थापन समिति गठन गरेका छौं, विपद्सम्बन्धी अभिमुखिकरण, मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनासम्बन्धी कार्यशाला सम्पन्न गरेका छौं ।' उनले राहत सामग्रीदेखि आधारभूत खोज उद्धार सामग्री भण्डारण गरिएको पनि जानकारी दिए ।


## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAWAA BEAUTY SALON

पूर्व स्वीकृति मिति: २०८०/०५/१० | LT. No. 291635 | चलानी नं. ६०२०६८६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ५२,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. २०७१/०७९/८०

**SPACE HR SOLUTIONS PVT.LTD**

Ranibari-26, Samakhusi Kathmandu; Tel: 01-4357449, Whatsapp No.: 9803003599
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHISHABI RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति: २०८०/०३/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१० | LT. No.289330 | चलानी नं. ६०२०४६९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Labour | 4 | 0 | 1000 | ३५,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAMSUNG C&T CORPORATION, SAUDI ARABIA

पूर्व स्वीकृति मिति २०८०/०५/०८ | LT. No. 291606 | चलानी नं. ६०२०६६८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bulldozer Operator | 1 | 0 | 2500 | ८८,१९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Duty Driver | 2 | 0 | 2200 | ७७,६१० | | | | | | | |
| 3 | Heavy Equipment Driver | 3 | 0 | 2500 | ८८,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**

श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMFAM INTEGRATED TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति २०७९/०९/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१० | LT. No. 278238 | चलानी नं. ६०१९४५१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Officer | 0 | 1 | 1400 | ५१,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaning Supervisor | 2 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 3 | Cleaner | 15 | 5 | 1000 | ३६,६३५ | | | | | | | |
| 4 | Commercial Sales Representative | 4 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 5 | Follow Up Clerk | 1 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 6 | Marketing Manager | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 7 | Packer | 0 | 6 | 1000 | ३६,६३५ | | | | | | | |
| 8 | Purchasing Representative | 2 | 0 | 1400 | ५१,२९० | | | | | | | |

कम्पनी : EMFAM INTEGRATED TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०७९/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१० | LT. No. 262521 | चलानी नं. ६०१७८९०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Purchasing Representative | 2 | 0 | 1400 | ५१,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners | 10 | 0 | 1000 | ५४,९५५ | | | | | | | |
| 3 | Cleaning Supervisor | 3 | 0 | 1500 | ३६,६३५ | | | | | | | |
| 4 | Commercial Sales Representative | 4 | 0 | 1400 | ५०,५६५ | | | | | | | |
| 5 | Follow Up Clerk | 1 | 0 | 1400 | ४७,१९० | | | | | | | |
| 6 | Marketing Manager | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 7 | Opearation Manager | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 8 | Packer | 31 | 0 | 1000 | ३६,६३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान र मिति:
काठमाडौं - (VARSHA MANPOWER OFFICE ) मा मिति: २०८० भदौ १७ गते (3rd Sep. 2023) मा हुनेछ ।
पोखरा (Namaste Janapriya Thakali Bhanchha Ghar, Nagdhunga 8 ) मा मिति: २०८० भदौ २० गते (6th Sep. 2023) मा हुनेछ ।
सुनसरी -ईटहरी -(Hotel Veranda, Itahari) मा मिति: २०८० भदौ २१ गते (7th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944


# Khanikhola Rural Municipality
# Office of Rural Municipal Executive

Salmechakal, Kavrepalanchok
Bagmati Province, Nepal

## INVITATION FOR BIDS

**Date of publication : 2080/05/11 (2023/08/28)**

1) Khanikhola Rural Municipality invites electronic bids from eligible Nepalese bidders for the procurement/ construction of following works under National Competitive Bidding procedures.

| S.N. | Contract Id. No. | Name of Works | Estimate Amount (Excluding VAT,PS, Contingencies) (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| 1. | KRM-W-R-04-080/081 | Track Opening and Maintenance of Sukum Dhaple Mahangkal Taldhunga Sadak | 85,73,557.47 | 2,30,000/- |
| 2. | KRM-W-R-05-080/081 | Track Opening and Maintenance of Hattichheda Khajulilek Baspur Deurali Sadak | 85,73,258.10 | 2,30,000/- |

2) Eligible bidders may obtain further information at the Khanikhola Rural Municipality, Office of Rural Municipal Executive, Salmechakal, Kavrepalanchok. Or may visit PPMO's e-procurement website: www.bolpatra.gov.np/egp.

3) Bidders may download the bidding documents for e-submission from PPMO's web site www.bolpatra.gov.np./egp, bidders should deposit non-refundable fee of NRs. 3,000.00 for each bidding document in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank : **Nepal SBI Bank Ltd.**
Name of Office : **Khanikhola Rural Municipality,** Office of Rural Municipal Executive, Salmechakal, Kavrepalanchok
Name of Account : **GA 1.1 ANTARIK RAJASWA KHATA**
Account no. : **43195241207004**

4) Electronic bids must be submitted to the office of Khanikhola Rural Municipality through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00** noon on **2080/06/10 (2023/09/27)**. Bids received after this deadline will be rejected.

5) The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 PM** on **2080/06/10 (2023/09/27)** at the office of Khanikhola Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as mentioned in the table above which shall be valid for 30 days beyond the validity period of the bid.

**Information to deposit the bid amount in Bank:**

Name of the Bank : **Nepal SBI Bank Ltd.**
Name of Office : **Khanikhola Rural Municipality, Office of Rural Municipal Executive.**
Name of Account : **KHANIKHOLA GAUPALIKA GA-3 DHARAUTI KHATA**
Account No. : **43125240600003**

6) Khanikhola Rural Municipality, Office of Rural Municipal Executive reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

7) The matters not covered in this tender notice shall be in accordance with the latest amendments of Public Procurement Act, 2063 and Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.

8) If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

9) Bidders are requested to visit the project location and check the site condition before bid submission.

10) Once the agreement is done, work must be completed within time as specified in the agreement and further time extension shall not be done.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ठूलालाई चैन हुने ऐन

ललिता निवास प्रकरण होस् या १०० किलो भनिएको सुन प्रकरण । विभिन्न बहानाबाजीमा मिडिया ट्रायल गरिदै ठूलालाई जोगाउने रणनीतिका साथ सरकार लागेका प्रस्टिन्छ । भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङलाई पक्राउ गरेपछि उनको बचाऊमा उद्योगीदेखि मिडियासमेत लागि परे । मीनबहादुर नभएको भए कसरी नेपालीले एकै स्थानमा सामान पाउथे भन्ने शैलीमा उनलाई जोगाउन लागिपरे । नभन्दै प्रहरीले सुरु गरेका ललिता निवास जग्गा प्रकरणको अनुसन्धान ६२ दिनपछि सरकारी लिखत कीर्तेको कसूरमा सीमित भयो ।

यो प्रकरणमा कतिपयले जग्गा फिर्ता गर्ने सर्त राखे । जसलाई प्रहरी र कानुनले छोएन । संगठित अपराध र सरकारी जग्गामा कयौं समय भोगचलन र आर्थिक लाभ लिएको विषयलाई लिखत कीर्तेमा सीमित गरेर २९० जनाविरुद्ध कीर्तेमा मात्र मुद्दा दायर गरेको हो । ललिता निवास प्रकरणमा कीर्तेसँगै संगठित अपराधमा अनुसन्धान गर्न भनेर पटक–पटक म्याद थप भयो । तर, आइतबार सरकारी वकिलको कार्यालयले जिल्ला अदालत, काठमाडौंमा कीर्तेमा मात्र मुद्दा दायर गरेको छ ।

मुद्दा दर्ता गर्नुअघि सरकारी वकिलको कार्यालयले संगठित अपराधमा मुद्दा नचल्ने निर्णय गरेको थियो । प्रहरीले ल्याएको अनुसन्धान प्रतिवेदनमा २०४२, ०४९, २०६७ र ०६९ सालमा सरकारी लिखत कीर्ते भएको देखिएको तर, संगठित अपराध निवारण ऐन २०७० सालमा मात्रै आएकाले पाश्चातदर्शी कानुनको सिद्धान्तअनुसार यसमा मुद्दा चलाउन नमिल्ने सरकारी वकिलको कार्यालयको दाबी रह्यो ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंसाग समन्वय गरेरै संगठित अपराधमा पनि मुद्दा अघि बढाइएको तर्क रेको छ । यसबारे सरकारी वकिल र सिआइबी एकले अर्कोलाई देखाएर पन्छिन्छन् । तर, सरकारको योजनाबद्ध तयारीका साथ ‘सानालाई ऐन, ठूलालाई चैन’ कै आधारमा यस्तो भएको प्रस्ट देखिन्छ । यस्तै भयो सुन प्रकरणमा पनि । साउन ३ गते विमानस्थलबाट बाहिरिएको सुन राजस्व अनुसन्धान आयोगले बरामद गर्‍यो । १८ दिनसम्म राजस्वले अनुसन्धान गर्न नसकेको भन्दै सिआइबीलाई जिम्मा लगाइयो । पछि सिआइबीले पनि अन्तरदेशीय कनेक्सन भन्दै अनुसन्धानबाट हात उठाएको अवस्था छ ।

यी दुई प्रकरण र नक्कली भुटानी शरणार्थी प्रकरण बाहिर ल्याउादा गृह प्रशासनको वाहवाही भएको थियो । तर, अहिले ‘हात्ती आयो हात्ती आयो फुस्स’ झैं भएको छ । एक दशकअघि बुद्धवीर लामाको शब्दमा रोशन गुरुङको स्वर खुबै गुञ्जिन्थ्यो– यहाा यस्तै छ, यहाा यस्तै छ, सबै कुरा भन्दा नि पैसै ठूलो छ । सरकारले कुनै भीड वा दलालको दबाबभन्दा माथि उठेर न्यायको सिद्धान्तमा निर्णय गरोस् । ताकि भोलि यस्ता निर्णयहरू नजिरका रूपमा बसेर अर्को अन्याय जनतामाथि नथोपरियोस् ।

## मननयोग्य

### चाणक्य नीति

राक्षसले लामो निःस्वास लिंदै भने- ‘लाग्छ प्रकृति ने अनुकूल छैन त्यसैले सम्पूर्ण उपाय विफल हुँदैछन् ।

... तर मेरो हृदयाग्नि चाणक्यलाई भष्म नगरी शान्त हुन सक्तैन । म आफ्ना मालिकको हत्याको बदला अवश्य लिन्छु’ अनि अर्कै गुप्तचर आइपुग्यो, उसबाट थाहा भयो । आगामी पूर्णिमामा कौमुदी महोत्सवका साथै विधिपूर्वक चन्द्रगुप्तको राज्याभिषेक हुनेछ । त्यो अत्यन्तै विशाल हुन्छ, जसमा राजाका अधीनमा रहेका राजाहरू र सामन्तहरू, उच्चपदाधिकारी, प्रतिष्ठित नागरिकका तर्फबाट उपहार दिइन्छ ।

यस समाचारले राक्षसलाई अन्धकारमा सूर्यको प्रकाश आएजस्तै । त्यस्तै तेज राक्षसको मुखमा पनि आयो र आफ्नो विश्वस्त साथी जीवाक्षलाई बोलाई राक्षसले भने- ‘मित्र ! एउटा नचुक्ने अवसर आएको छ । यसपटक चाणक्यले चन्द्रगुप्तलाई कसरी बचाउँछ हेरौं ।

राक्षसले अत्यन्तै भेदयुक्त कुरा जीवाक्षसँग भन्न थाल्यो- ‘तिमी कुमयुरकी प्रसिद्ध नगरवधु सम्मोहिनीकहाँ जाऊ । म एक चिठी उनका नाममा लेख्छु । त्यहाँबाट अत्यन्तै रूपवती विषकन्या पाउनेछ । जो हाउभाउ सँगीत, नृत्यकलामा अनुपम छ’

‘महोत्सवका अवसरमा तिमी एक पर्यटकको भेषमा रही ती विषकन्या चन्द्रगुप्तलाई अर्पण गर्नू । अर्पण गर्नुभन्दा पहिले पाटलीपुत्र (पटना) मा सम्पन्नताको धूमधाम मनाउन प्रतिष्ठित व्यक्तिलाई भोजको निमन्त्रणा दिनू र त्यही अवसरमा सबैलाई ती विषकन्या एकपटक देखाउनु त्यो सुन्दरताको वर्णन महलमा चन्द्रगुप्तसमेतलाई जानकारी होस् विषकन्या आफ्नो अमूल्यनिधि भनी चन्द्रगुप्तलाई उपहार दिनु, तिमी चाँडै जाऊ । हेर ! यी छनक चाणक्यसम्म पुग्नुहुँदैन तिमीले अत्यन्तै बुद्धिमानीसाथ काम गर्नुपर्छ ।’

‘जस्तो तपाईंले भन्नुभो त्यस्तै हुन्छ’ भनी जीवाक्ष हिँड्यो । यता पाटलीपुत्र (पटना) मा त्यतिखेरदेखि नै उत्सवको आरम्भ भएको थियो । शहरको विशेष पाहुना घरमा जीवाक्षले काश्मीरी पर्यटक व्यापारी सोमदेव नामले आफ्नो डेरा बनायो । बहुमुल्य भेषभूषा, आश्चार्य लाग्ने ठाँट-बाँटको, अनौठो सँगम थोरै दिनमै सोमदेवको रवाफ बढ्यो ।

सहरका ठूलाबडा व्यापारीसँग परिचय बढ्न थाल्यो । कला र सौन्दर्यको पारखी भनी उसले प्रसिद्धि पायो । *क्रमशः*

# गिरीको ‘तिम्रो लागि’ नियाल्दा



▸▸ पुष्पराज गिरी

> कवि एवं गीतकार सनत गिरीका रचनाहरूमा सामाजिक विकृति-विसंगतिप्रतिको उजागरण छ, देशप्रेम र ईश्वरीय प्रेम पनि अभिव्यक्त देखिन्छन् । आशा र अनुभूतिका भाव भर्न खोजिएका भए पनि अधिकांश रचनामा वियोगको भावलाई पकड्न खेजेर पिर, व्यथा र पीडामात्र अभिव्यक्त गर्न खोजिएको होकि जस्तो पनि लाग्छ । तर त्यसको गहिराइमा हेर्ने हो भने गीतमा कारुणिकता, कोमलता, आशा र अन्तरहृदयको आवाजलाई प्रस्फुटित भइरहेका नै पाइन्छन् ।

साहित्यको काव्य विधामा गीत र गजलको महत्त्वपूर्ण स्थान छ । यसमा रहेको गेयात्मकता र श्रुतिमधुरताले पाठकमा गहिरो प्रभाव पार्छ । कविता, गीत र गजल सुन्दा श्रोता आनन्दको अनुभूति गर्छन्, आफैंलाई त्यसप्रति लीन गराउँछन् । सच्चा गीतले त रोएकालाई हँसाउँछ, निदाएकालाई बिउँझाउँछ । मनको भावलाई शब्दमा उतार्ने सशक्त माध्यम काव्य हो । यसै विधामार्फत नेपाली साहित्यको सेवामा जुटिरहेका सर्जक हुन् सनत गिरी ‘गाउँले’ ।

वि.सं २०३० सालमा काठमाडौंको दहचोकमा जन्मिएका गिरी नेपाली पत्रकारिताको क्षेत्रमा परिचित व्यक्तित्व हुन् । लामो समयदेखि विभिन्न राष्ट्रिय दैनिक एवं रेडियोमा कार्यरत रहेर पत्रकारिता क्षेत्रमा क्रियाशील रहँदै सञ्चार क्षेत्रमा आफूलाई अब्बल प्रमाणित मात्र गरेनन्, पत्रकारिताको माध्यमबाट सामाजिक क्षेत्रमासमेत योगदान पुर्‍याउँदै आएका छन् । समसामयिक विषयवस्तुमा विश्लेषण एवं विवेचनात्मक विचार लेखन उनको विशेषता देखिन्छ ।


पत्रकारितासँगै साहित्य सिर्जनाको क्षेत्रमा पनि उनको क्रियाशीलता रहँदै आएको छ । विशेषत गीत र कविता सिर्जनामा उनको रुचि देखिन्छ । तर, नाटक र केही कथाहरू पनि फुटकर रूपमा प्रकाशित भएका छन् । पत्रकारितामा लामो समयको अनुभवले खारिएका व्यक्ति भएकाले नेपाली राजनीति र सामाजिक परिवेशको जानकार गिरी स्पष्ट, निर्भिक र बौद्धिक व्यक्तिसमेत हुन् । यति सक्रिय व्यक्तिको परिचयसँगै थप अर्को उपमा हो सर्जक एवं कवि । जसलाई सार्थक देखाएको छ उनको प्रकाशित कृति ‘तिम्रो लागि’ गीत-गजल संग्रहले । गीत-गजल संग्रहले उनको विशिष्ट गम्भीर व्यक्तित्वमा एउटा सर्जक र स्रष्टा मन भएका व्यक्तिको परिचय पनि थपेको छ । अझ भन्नुपर्दा सरल र सहज देखिने स्वभावभित्रको सर्जक र स्रष्टा मनको उजागरण यो कृतिले गरेको छ ।

साहित्य क्षेत्रमा रुचि राख्ने गिरीले कथा, नाटक, गीत, कविता र खण्डकाव्यलगायतका विधामासमेत कलम चलाएका छन् । तर ‘तिम्रो लागि’ नामक गीत-गजल संग्रह नै उनको पहिलो प्रकाशित कृति हो । जसमा विभिन्न शीर्षकमा लेखिएका ८० वटा रचना संग्रहित गरिएका छन् । यसबाहेक पनि विभिन्न पत्रमात्रिकामा निरन्तर प्रकाशित भइरहने गीत तथा कविताहरूको श्रृंखलाले उनको कविता लेखनमा विशेष लगाव भएको स्पष्ट नै हुन्छ । लेखनमा कोमल र सरल शब्दको प्रयोग गर्दै शालीन शैलीमा कविता सिर्जना गर्ने उनको विशेषता नै हो । सजिलै पाठकले बुझ्नसक्ने मनन् गर्न सक्ने र सजिलै टिप्न सक्ने मिठास उनका गीत, गजल र कविताहरूमा पाइन्छ ।

यस्तै प्रस्तुत कृति ‘तिम्रो लागि’मा समेटिएका गजलहरूमा पनि ती गुणहरू भेटिन्छन् । गिरीका अभिव्यक्तिमा अनुराग नै अधिक देखिन आउँछ । यहाँ अनुराग केवल एक व्यक्तिगत भन्न खोजिएको होइन । समग्र व्यक्तिहरूको मनोभावनामा उद्वेलित अन्तर तरंगहरू हुन् । मानवीय व्यथा अनुरागमै झल्कने हुन्छ । अनुरागले केवल मानवमात्रलाई स्पर्श गर्नसक्छ । यस्तो विशिष्ट संवेदनात्मक भावनाले सबैलाई भित्रैदेखि छुन्छ । सर्जक बढी संवेदनशील हुन्छन् । संवेदनशीलतामा सूक्ष्मता हुन्छ । सूक्ष्मताले अभियन्तरको भाषा पनि बुझ्न र आफूलाई त्यसको प्रेरणाले उद्भाषित गराउँछ । संवेदनशीलहरूको मूल आधार मानवता नै हो । प्रकृति, परिस्थिति र व्यक्ति संवेदनशीलताका लागि उत्प्रेरक बन्छन् । त्यही उत्प्रेरक व्यक्तित्व सर्जक र उनको कृतिका सिर्जनाहरूलाई समग्र रूपमा उदाहरण मान्न सकिन्छ । किनभने, समग्र सिर्जनाहरूलाई नियाल्दा अनुराग, भावना, संवेदना, प्रेम, वियोग छताछुल्ल छन् । कतै देशभक्ति र ईश्वरभक्तिका भावना बोकेका सिर्जनाहरू समेटिएका छन् । यही भावनाका तरंगहरू मानवका हृदयका गीत गुञ्जनहरू हुन् । जसलाई सर्जकले शब्दमा संयोजन गरेर गीत र गजलका रूपमा कृतिमार्फत प्रस्तुत गरेका छन् ।

आफ्नै संग्रहका बारेमा कृतिमा भनाइ राख्दै गिरी भन्छन्, ‘गीत मन छुने हुन्छ भने गजल मुटुभित्र बस्ने किसिमको हुन्छ । समाजपरक रहेर गीत-गजल लेखिने हो, एकातिर गीत-गजलले समाजलाई उत्प्रेरकको काम गरिरहेको हुन्छ भने अर्कातिर गीत-गजलले माया-प्रेमको भावलाई सरलरूपमा प्रस्तुत गरिएको पाउँछौं । गीत सही होस् वा गजल प्रेरणादायी हुनैपर्छ । यस्तै भाव व्यक्त गर्न मैले गीत गजल लेख्न थालें र कृतिको रूपमा प्रस्तुत गरेको छु ।’

काव्य क्षेत्रको पूर्णकालीन विरासत पाउने इच्छा वा लालसा ‘गाउँले’मा पनि देखिन्छ । यहाँ उनी कुनै व्यावसायिक नभए पनि निरन्तर सिर्जनामा रमाइरहने सर्जक भने पक्कै हुन् । सिर्जना जहाँ जसले र जुन अवस्थामा पनि प्रस्फुटन गर्न सक्छ । यस्तै स्वाभाविक मनोभावनाका अनुरागभाव शब्दमा उतारेका छन् कृतिमा । प्रस्तुत कृति ‘तिम्रो लागि’ मा संग्रहित




गीत-गजलहरूमा उनले प्रेम, अनुराग र अन्तरमनका भावनासँगै जीवनकै भोगाइहरूलाई विषयवस्तु बनाएको पाइन्छ । परिवर्तन, सामाजिक सांस्कृतिक परिवेश, प्राकृतिक विम्व, आपत्विपद्देखि जीवनका शाश्वत् मूल्यमान्यताका यथार्थ परिघटनाका दृश्यलाई गीत-गजलका विषयहरू बनाइएका छन् । विशेषगरी उदासीन भाव बोकेका भए पनि सामाजिक दृश्यहरू नै कविताका विषय छन् भने भाव र भोक्ता सर्जक स्वयंको देखिन्छ । केही प्रतिनिधिमुलक शीर्षकका गीत गजलहरूलाई हेरौं ।

*उनले मलाई बिर्सेको धेरै भो*
*दुःख जति मेरै नै मेरै भो*
*माया जाली परेछ*
*आँसुलाई पोख्नलाई ठाउँ छैन*
*बैगुनीलाई बोलाउन नाम छैन ।*
*बिर्सनलाई नसकिने बिर्सु भने पनि*
*बोलाउन नसकिने आफ्नो आफ्नो भनी*
*सम्झनामा दिन रात आउने भो*
*मुटुभित्र डढेलो लाउने भो*
*माया जाली परेछ ।*

माया जाली परेछ शीर्षकमा रहेको यो गीतले वियोगान्त भावना अभिव्यक्त गर्दछ । प्रेम विछोड र वियोगमा आउने मनोभावना यस सिर्जनाले प्रस्तुत गरेको छ । कृतिका अधिकांश गीत-गजलका भावधारा वियोगान्त शैलीका छन् । तर यसैभित्र आशा, उमंग, छन् । वियोगमा पनि कुनै विद्रोहको ज्वाला छैन । गुनासो छ तर बदला छैन । यही नै त हो असल प्रेम । प्राप्तिमा मात्र होइन वियोगमा पनि त प्रेमिल भावना बाँचि नै रहेको हुन्छ । यही भावना विद्रोह बनेर होइन अन्तरमनभित्रै उठिरहेका छन् सम्झना र गुनासाका भाव बनेर । अर्को शीर्षक आफ्नै जिन्दगीमाको केही हरफ उद्धरण गरौं:

*तिम्लाई भनी बिताउन साथ एउटा रात भयो*
*अरुको कुरा छाड, आफ्नै जिन्दगीमा घात भयो ।*
*फरक-फरक बाटोको कुरा छोड*
*यही बाटोको कुरा गर*
*सपनीमा रमाएको कुरा छोड*
*यही विपनीको कुरा गर*

*सामाजिक विषयलाई प्रस्तुत गरिएको रचना शीर्षक ‘समाज यो फेरौं’ मा उठान गरिएको छ ।*

*कसरी बदलिएको समाज म हेरौं*
*सबै मिली समाज यो फेरौं ।*
*भनिहाल्न हुन्न आफ्नैले गरेको षडयन्त्र*
*अन्तिममा गएर उनैलाई घेरौं ।*

समाजमा व्याप्त कुरीति, विसंगति, भ्रष्टाचारलगायतका खराब पक्ष र प्रवृत्तिको परिवतर्नको आशा प्रस्तुत हरफहरूले गरिरहेका छन् । यसैगरी वैदेशिक रोजगारीमा प्रवास पुगेका परदेशीको पीडा बोल्ने गीत हो ‘परदेशीको मन रुँदो हो’ । परदेशमा देश र आफन्तलाई सम्झँदा मनमा कस्तो विरह र वेदना चल्छ भन्ने भावना यहाँ पोखिएको छ ।

*परदेशीलाई घर छाडेको पीडा हुँदो हो*
*तिनको पनि मन कति रुँदो हो ।*
*बाध्यताले परदेशिएको कहाँ बुझ्लान त्यहाँ*
*हुनु नहुनु छातीमा घाउ हुँदो हो ।*

कवि मनहरू मनोभावना प्रकट गर्न र कल्पनाको आकाशमा सिर्जनाका शब्दहरू कोर्न स्वतन्त्र हुन्छन् नै । परिवेशका परिघटनालाई शब्दमा शैलीगत रूप दिएर उतार गर्नु पनि सिर्जनाकै त स्वरूप हो । साहित्य कोमल शब्दावलीको सन्देश प्रभावको माध्यम पनि हो । त्यसैले उद्देश्यपरकता र सन्देशमूलक सिर्जनाको स्वभाव हो । साहित्यमा सिर्जना र समर्पणको भाव गहिरो हुन्छ, जसलाई एउटा सर्जकले बगाइरहेको हुन्छ । ‘तिम्रो लागि’ भित्रका सिर्जनाहरूले भलै कारुणिकता र वियोगात्मक भाव बढी बोकेका भए पनि आमपाठकलाई समर्पित भावले प्रस्तुत गर्न शीर्षकको चयन ‘तिम्रो लागि’ स्वाभाविक देखिन्छ । कृतिमा समाविष्ट गीत/गजलहरूमा आमपाठकका लागि भावनाका शब्दहरूलाई समर्पण गरिएको छ, सम्बोधन गरिएको छ, सीधै पाठकको हृदयभित्रको सर्जकसँग संवाद गर्न शब्द संयोजनद्वारा आत्मीयताको प्रवाह गरिएका सिर्जनाहरू ज्यादा भेटिनुले पनि पनि कृतिको शीर्षकले सार्थकता वहन गर्न सकेको छ ।

कवि एवं गीतकार गिरीका रचनाहरूमा सामाजिक विकृति-विसंगतिप्रतिको उजागरण छ, देशप्रेम र ईश्वरीय प्रेम पनि अभिव्यक्त देखिन्छन् । आशा र अनुभूतिका भाव भर्न खोजिएका भए पनि अधिकांश रचनामा वियोगको भावलाई पकड्न खेजेर पिर, व्यथा र पीडामात्र अभिव्यक्त गर्न खोजिएको होकि जस्तो पनि लाग्छ । तर त्यसको गहिराइमा हेर्ने हो भने गीतमा कारुणिकता, कोमलता, आशा र अन्तरहृदयको आवाजलाई प्रस्फुटित भइरहेका नै पाइन्छन् ।

शब्दमा कोमलता र सरलता मात्रै छैन लेखन शैलीले पनि सरल र आमपाठकले बुझ्न कठिनाइ पर्दैन । कुनै न कुनै रूपमा सर्जकले परिवेशअनुरूप भोगाइका तितामिठा प्रतिविम्ब नै सिर्जनाका रूपमा प्रस्फुटन गर्ने गर्दछन् । यहाँनिर कवि पत्रकारिताका अनुभवी भएका कारण देश र समाजलाई गहिर ोसँग बुझ्ने व्यक्ति पनि हुन् । त्यसैले तिनै यथार्थ समाजको परिवेशलाई पनि उतार्ने कोसिस गरेका छन् । कृतिमा समावेश गरिएका गीत-गजलहरू पठनीयमात्रै छैनन् मनोरञ्जन दिन पनि सक्षम छन् । गिरीको यो गीत-गजल संग्रह नेपाली साहित्य फाँटमै एउटा महत्त्वपूर्ण गीत तथा गजल संग्रहको रूपमा उभिएको छ ।

## पत्र–मञ्जुषा

# संसद् अवरूद्ध गर्ने तर तलबभत्ता नछोड्ने !

करिब तीन वर्षअगाडि आमसर्वसाधारण कुन सहकारी वा कुन बैंकले डिपोजिटको ब्याज बढी दिन्छ भनी खोज्दै हिँडे । उनीहरूले जुन सहकारी तथा बैंकले बढी ब्याज दियो, त्यसैमा आफ्नो रकम जम्मा गरे । कतिपय मानिसहरू त बिहान घरबाट खाना खाएर निस्किएपछि ब्याज बढी दिने बैंक तथा सहकारी नै खोज्न जान्थे ।

यता, कतिपय भने मिटरब्याजमा पैसा लगानी गर्थे । यसरी काम नै नगरी बसीबसी पैसा आउने भएपछि उनीहरू काम खोज्नुभन्दा पनि ब्याज बढी लिने बैंक, सहकारी तथा व्यक्ति खोज्ने गर्थे । ती व्यक्तिहरूलाई एक लाख कर्जा दिएर महिनाको पाँच हजारदेखि ३० हजार रूपैयाँसम्म ब्याज असुल्ने । त्यो पनि ब्याज सुरुमै काटेरमात्र ऋण दिने ।

यता, सहकारी तथा बैंकले डिपोजिटको १६ देखि २२ प्रतिशतसम्म ब्याज दिने प्रलोभन देखाउने । एउटै घरमा सातवटासम्म सहकारी राख्दा एउटै बैंकमा पाँचवटासमेत बैंक राखिएको पाइन्थ्यो । यसरी उनीहरूबीच ब्याजका लागि हानाथाप हुने गर्थ्यो ।

यसरी बचतकर्तालाई महँगो ब्याज दिन्छु भनेपछि बैंक तथा सहकारीले पनि जोखिमपूर्ण क्षेत्रमा कर्जा लगानी गरे । उदाहरणका लागि बजारमा ३० लाख मूल्य पर्ने जग्गालाई ५० लाख कर्जा दियो । सय रूपैयाँ कित्ता सेयरलाई ३२ सय कर्जा प्रवाह गर्‍यो । यता, पाँच लाखमा बिक्री नहुने गाडीलाई २० लाख रूपैयाँसम्म कर्जा दियो ।

तीन वर्षअगाडि बैंक तथा वित्तीय संस्थाहरूले घरजग्गा, गाडी र सेयरको कारोबारमा गिरावट नआउने दाबीसहित यी क्षेत्रमा लगानी गरेका थिए । तर, पछिल्लो समय बजारमा मन्दी छाएको छ । घरजग्गा, गाडी र सेयरको कारोबार ठप्पै भएको छ । दुई वर्षअघि दुई करोडमा किनेर घडेरी अहिले त्यसको आधा मूल्यमा बेच्छुभन्दा समेत बिक्री हुँदैन ।

सेयर र गाडीमा पनि यही हालत छ । अहिले सहकारीहरू डुबेर भागेका छन् भने बैंक टाट पल्टिएर कर्जा दिन नसक्ने अवस्थामा पुगेको छ । आमनागरिकले सहकारी तथा बैंकमा बचत गर्न छाडेका छन् । अनि हिजो बढी ब्याज खानका लागि सहकारी तथा बैंकमा बचत गर्नेहरूको आज रुवाबासी भएको छ ।

ब्याज खान पैसा राख्दा उनीहरूको साँवा नै डुबेको छ । यसले कतिपय त सहन नसकेर आत्महत्यासमेत गरिरहेका छन् । बूढापाकाले भन्थे, ‘विस्तारै गएमा ढिलो भए पनि गन्तव्यमा पुगिन्छ तर हतार गरेमा गन्तव्यमा पुग्नुभन्दा पनि दुर्घटनामा परिन्छ ।’ त्यसरी नै हिजो मानिसहरूले ब्याज आउँछ भनेर आफूसँग भएको सबै पैसा सहकारीमा जम्मा गरे । तर, सहकारी भागेपछि उनीहरू ‘घर न घाट’ को भएका छन् ।

लघुवित्त संघसंस्थामा बचत गर्नेहरूको पनि सहकारीकै बचतकर्ताको जस्तो हालत भयो । बैंक र वित्तीय संस्थाका सञ्चालक, अध्यक्ष र कर्मचारी दलाली हुन् । उनीहरू पैसाको व्यापार गर्छन् । दलाल गर्छन् । एक करोड मूल्य पर्ने धितो राखेमा ६० लाख कर्जा दिन्छन् । त्यसमा पाँच-दश लाख छुट्टै घूस खान्छन् ।

ब्याज १६ देखि ४८ प्रतिशतसम्म लिन्छन् त दुई प्रतिशत सेवा शुल्क अनिवार्य । यता, ऋणीले तीन किस्ता नतिर्नेबित्तिकै ४५-५० लाखमै एक करोडको धितो पचाइदिन्छन् । पछिल्लो समय बजारमा आएको मन्दीका कारण बैंक तथा वित्तीय संस्थाले लिलाम गरेको घरजग्गा, गाडी र सेयर बिक्री भइरहेको छैन ।

दिनप्रतिदिन कोठा, सटर र फ्ल्याट खाली भइरहेका छन् । यता, बैंकबाट ऋण लिएकाहरूले पनि दुई वर्षदेखि बैंकको साँवा ब्याज तिरेका छैनन् । व्यवसायी दुर्गा प्रसाईं, भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङजस्ता ठूलठूला व्यापारीहरूले नै बैंकबाट लिएको ऋणको साँवाब्याज नतिरेपछि बैंक डुब्ने अवस्थामा पुगेको छ ।

यी तमाम समस्या संसद्मा उठ्दैन । तर सांसदहरू आफ्नो स्वार्थका लागि संसद् अवरुद्ध गर्छन् । २०७४ सालमा नौ महिना सांसद अवरुद्ध भयो । तर, सबै राजनीतिक दलका सांसदहरूले तलबभत्ता लिए । अहिले एक महिना संसद् अवरुद्ध हुँदा पनि तलबभत्ता छोडेनन् । यद्यपि, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले अवरुद्ध भएको दिनको भत्ता नलिने घोषणा गरेका छन्, त्यो व्यवहारमा लागू हुन्छ हुँदैन हेर्न बाँकी नै छ ।

*– अनुपम श्रेष्ठ, सानो भर्‍याङ*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## मिसन ८४...

पृष्ठ १ बाट जारी

**आन्दोलनलाई यही बेला अगाडि बढाउनुको कारण ?**

हाम्रो भूमि अतिक्रमण भएको छ । भाषिक अतिक्रमण, सांस्कृतिक, धार्मिक अतिक्रमण भएको छ । यस्ता अतिक्रमण अन्त्यका लागि हो । मदिरा सेवनदेखि गौमास सेवनमा हामीलाई अन्याय गरिएको छ । आदिवासी ज्ञानलाई बन्देज गरेर आर्थिक रूपमा हामीलाई कमजोर बनाउन खोजिएको छ । काठमाडौंको अहिलेको जुन वैभव छ, त्यो तामाङ गाउँलाई चिथोरेर निर्माण भएको हो । १० वटा जिल्ला निचोरेर काठमाडौंको तीनवटा जिल्ला बनाउन खोजिएको छ । त्यसैले यसको विरुद्धमा हामीले संघर्ष सुरु गरेका हौं ।

**तर प्रदेश खारेजीका माग चर्किरहेको बेला सान्दर्भिक होला र ?**

अतिवादी तत्त्वहरू लागेका छन्, संघीयताविरुद्ध । यसलाई जोगाउन उत्पीडित वर्ग लाग्नुपर्छ । हाम्रो ताम्सालिङ बनाउन हामी लाग्नुपर्छ भन्ने अहिलेको सान्दर्भिकता हो । संघीयता खारेज होस् या धर्म निरपेक्षता खारेज, हाम्रो आन्दोलन रोकिने वाला छैन ।

**चार वर्ष भइसक्यो बागमती नामाकरण भइसकेको, यतिञ्जेल के हेरेर बस्नुभएको भन्ने पनि छ नि ?**

आन्दोलन संघर्ष कुन बेला अघि बढ्छ, कुन बेला पछाडि सर्छ भन्ने हुन्न । यो समयको माग हो । कोभिड-१९ को महामारीको मौका पारी जनता बाहिर निस्कन नमिल्ने मौका पारी उनीहरूले षडयन्त्रपूर्ण ढंगले प्रदेशको नाम घोषणा गरे । महामारीमा हामीले आन्दोलनका आँट गर्न सकेनौं । परिस्थिति अब खुला भएको छ । हामी त्यहीअनुसार अघि बढ्छौं ।

**संयुक्त संघर्ष भनिए पनि नेवार जातिको प्रतिनिधित्व देखिएन, कार्यगत एकता तोडिएको हो ?**

यो ताम्सालिङ संयुक्त संघर्ष समिति बनेको हो । छिट्टै नेवा संघर्ष समिति पनि बन्छ । अनि नेवा-ताम्सालिङ संघर्ष समिति बन्छ । र, संयुक्त संघर्ष समिति पनि घोषणा हुन्छ । प्रदेश ३ लाई जुन बागमती नामाकरण गरी दुईवटा सभ्यता मिसाइदिएको छ । दुईटै सभ्यतालाई नाम दिन हामी संघर्ष गर्छौं ।

**ठूला पार्टीका नेताहरू अभियान घोषणा सभामा देखिए, साच्चै साथ दिन आइपुगेका होलान् कि भाँडभैलो गर्न ?**

उहाँहरू पहिले पनि जोडिनुभएको थियो । अहिले पुनर्जीवित गरेर हामीले ल्याएका हौं । हामीले गरेको आग्रह उहाँहरूले स्वीकार्नुभएको छ । अहिलेसम्म इमानदारिताका साथ आइ नै रहनुभएको छ । आज पनि आउनुभएको छ । अब कार्यान्वयनको चरणमा जान्छ । व्यावहारिक चरणमा को लुक्छ, को भाग्छ भन्ने कुरा हेर्न बाँकी छ । आफ्नो पार्टीमा माग राख्न नसक्ने, राज्य सत्तामा कुरा राख्न नसक्ने, पार्टीमा कतै आवाज उठाउन नसक्ने तर प्रचारमुखी काममा लागेकाहरू आएनन् ।

**आन्दोलनको ठ्याक्कै मिति तोकिएको छैन, कति अवधि लामो जान्छ यो आन्दोलन ?**

यसका दुई रूप छन् । एकतिर जनतालाई जागरण गर्छौं । भ्रमहरू चिर्छौं । राज्यसत्तालाई दबाब दिन्छौं । यो सडक संघर्षको कार्यक्रम हो । अर्को मिसन ८४ को तयारी गर्छौं । प्रदेशको निर्वाचनमा पहिचान पक्षधर ताम्सालिङ अभियानका पक्षधरलाई जिताएर पठाउँछौं र अंकगणितलाई बलियो बनाएर त्यहाँको संविधान परिवर्तन गरेर प्रदेशको नाम परिवर्तन गर्छौं । हाम्रो यही हो उद्देश्य ।

## संसदीय...

पृष्ठ १ बाट जारी

कांग्रेसकी आरजु राणा देउवा, महिला तथा सामाजिक मामिला समितिको सभापतिमा किरणकुमार साह र राज्य व्यवस्था तथा सुशासन समितिमा रामहरि खतिवडाको उम्मेदवारी परेको छ ।

त्यसैगरी, पूर्वाधार विकास समितिको सभापतिमा राप्रपाका दीपकबहादुर सिंह, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा एकीकृत समाजवादीका भानुभक्त जोशी र सार्वजनिक लेखा समितिको सभापतिमा एमालेका ऋषिकेश पोखरेलको उम्मेदवारी दर्ता भएको सचिवालयले जनाएको छ ।

प्रतिनिधिसभाको निर्वाचन भएको नौ महिनापछि मात्र संसदीय समितिको नेतृत्व चयन प्रक्रिया अघि बढेको हो । 'मिनी पार्लियामेन्ट' का रूपमा लिइने संसदीय समितिको नेतृत्व चयन हुन नसक्दा समितिको काम प्रभावकारी हुन सकेको थिएन ।


### श्री म्हेपी नयाँ बस्ती उपभोक्ता टोल सुधार समिती (लिक्वीडेशन)
### सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ दिने सूचना

संघ संस्था दर्ता ऐन २०३४ वमोजिम मिति: २०६०/०५/२२ मा दर्ता भएको दर्ता नं.२४२/०६०/०६१ को श्री म्हेपी नयाँ बस्ती उपभोक्ता टोल सुधार समिती लाई खारेजी (लिक्वीडेशन) मा लैजाने संघ संस्था दर्ता ऐन २०३४ वमोजिम मिति: २०८०।०५।०५ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस संस्था ले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्वीडेटर
श्री शेर वहादुर रोकाया
इजाजत पत्र नं. २८७



### पौवा सा व उ स उदयपुरगढि गा पा ८ उदयपुरको काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०।०५।११

पौवा सा व उ स उदयपुरगढि गा पा ८ को स्वीकृत कार्ययोजना अनुसार आ व २०७९/०८० मा उत्पादन भई घाटगदि गरि राखिएका लट न १ साल जातको गोलिया थान ५७ को ५४४.३३ क्यु फिट लट नम्बर २ को साल गोलिय थान ६२को ५४३.५७क्युफिट र लट न ३ को साज जातको थान ११को ५८.१० क्युफिट काठ समूह बाहिर बिक्रि वितरण गर्नु पर्ने भएकोले पहिलो पटक यो २१ दिने सुचना प्रकाशित गरिएको छ । विस्तृप्त जानकारिको लागि समुहको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMBRACE INDUSTRIES SDN.BHD.

पुर्व स्वीकृति मिति २०८०/०५/१० LT. No. 291611 चलानी नं. ६०२०६८२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 100 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AL BAYADER TECHNICAL TRANSPORT CORPORATION

पुर्व स्वीकृति मिति २०८०/०५/१० LT. No. 291717 चलानी नं. ६०२०६८८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Worker | 1 | 0 | 1000 | ३५,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pashupati HR Solution Pvt. Ltd.
श्रम ईजाजत नं. १४००/०७४/०७५
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JULANG MANUFACTURE ENTERPRISE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८०/०५/१० LT. No.291741 चलानी नं. ६०२०६८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAMSHER HOSPITALITY AND MAINTENANCE

पुर्व स्वीकृति मिति २०७९/०६/०९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१० LT. No. 272578 चलानी नं. ६०१८८३१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 1 | 0 | 3000 | १०७,३१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Coordinator | 1 | 0 | 3000 | १०७,३१५ | | | | | | | |
| 3 | Marketing Represent | 1 | 0 | 3000 | १०७,३१५ | | | | | | | |
| 4 | Supervisor | 1 | 0 | 2500 | ८९,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mansur Manpower Pvt.Ltd.
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9869078928/9801101714/9813536694
E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TUAH TANI SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/१०/०९ पून स्वीकृति मिति २०८०/०५/१० LT. No. 279792 चलानी नं. ६०१९५४६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture | 3 | 0 | 1500 | ४२७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MEHANDI OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ११५७/०७३/०७४
Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-ATAMAH MESHEBAA FOR MEALS ESTABLISHMENT

पूर्व स्वीकृति मिति २०८०/०५/१० LT. No. 291716 चलानी नं.६०२०६८८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३५,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MBK OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762
Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com
Contact: 9841935884, 9841541592, 9808658844, 9842716845, 981533303



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIYADH SHELTER VETERINARY CLINIC

पूर्व स्वीकृति मिति: २०८०/०५/१० LT. No. 291701 चलानी नं. ६०२०६८७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD WORKER | 1 | 0 | 1000 | ३५,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
श्रम ईजाजत नं. १२०८/०७३/०७४
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com



## ZERO COST RECRUITMENT Opportunity For UAE!!
## शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।

कम्पनी : SAMA AL NAHDA PAINTS CONT LLC

पूर्व स्वीकृति मिति २०८०/०५/१० LT. No. 291722 चलानी नं ६०२०६८७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASON | 7 | 0 | 1200 | ४३,२४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | PAINTER | 12 | 0 | 1200 | ४३,२४० | | | | | | | |
| 3 | SCAFFOLDER | 9 | 0 | 1200 | ४३,२४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MAHAD MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. ९८१/०६७/०६८
Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KRISHNA PRASAD BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति २०८०/०५/१० LT. No. 291702 चलानी नं. ६०२०६८८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 80 | 20 | 800 | २८,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Leaders International Recruitment Agency Pvt. Ltd
श्रम ईजाजत नं.१६१५/०७९/०८०
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748
Email: leadersnepal1615@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAMAM ABDO RESTAURANTS COMPANY FOR GRILLS

पूर्व स्वीकृति मिति २०७९/१२/०६ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१० LT. No. 283033 चलानी नं. ६०१९८४७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1800 | ६३,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAAD ABDULLAH ABDULAZIZ AL-MADHI LAND TRANSPORTATION

पूर्व स्वीकृति मिति २०८०/०३/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१० LT. No. 288449 चलानी नं. ६०२०३९५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SONS OF SULEIMAN AHMED AL-KHAMIS TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/१० LT. No. 291688 चलानी नं. ६०२०६८६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 8 | 0 | 1800 | ६३,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HABOUB AL-RIMAL GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०५/०८ LT. No. 291549 चलानी नं. ६०२०६८१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ROBOU AL-SAMMAN FACTORY FOR READY MIX CONCRETE

पूर्व स्वीकृति मिति २०८०/०४/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१० LT. No. 290580 चलानी नं. ६०२०५८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३,४९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Worker | 1 | 0 | 1000 | ३५,३९५ | | | | | | | |

कम्पनी : BRANCH OF MUHAMMAD FAHD AL-ALI AND PARTNERS COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/०८ LT. No. 291547 चलानी नं. ६०२०६८१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and Download Agent | 2 | 0 | 1000 | ३५,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

# प्रभाव दैनिक





### 'हामी तीन भाइ'को ८० प्रतिशत छायांकन

मधुसुदन भट्टराईको निर्देशनमा निर्माण भैरहेको सिनेमा 'हामी तीन भाई'को ८० प्रतिशत छायांकन सकिएको छ । निर्देशक भट्टराईले सिनेमाको बाँकी २० प्रतिशत छायांकन काठमाडौँमा गरिने बताए । सिनेमाको अधिकांश छायांकन मकवानपुरको चित्लाङमा गरिएको छ । काठमाडौँमा एक गीत र केही सिनको मात्रै छायांकन गरिनेछ । साजित महत प्रस्तुतकर्ता रहेको सिनेमामा विनोद न्यौपाने, लक्ष्मी बर्देवा, कुशल बिष्ट, आश्मा गिरी, जाहान्वी बस्नेत, फलित राई, राजाराम पौडेल, रवीन्द्र झा, बिष्णु सापकोटा (हर्के हवल्दार), यादव देवकोटा (सरापे), भुवन कुमार काफ्ले, नयन कला फुयाँल, पवन केसी, अन्जु हमाल, विकास चापागाई, सुष्मा निरौला, राज दिप, तारा शर्मा र बाल कलाकार एलेक्स खड्काको अभिनय रहनेछ ।




सोमबार, ११ भदौ २०८० (Monday, August 28, 2023)


# 'जेबी टुहुरे क्रान्तिका नायक हुनुहुन्थ्यो'



■ प्रभाव संवाददाता

**काठमाडौँ–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनगायक जुठबहादुर खड्की (जेबी टुहुरे) क्रान्तिकारी आन्दोलनका नायक र जनताका प्रिय गायक भएको बताएका छन् । जनगायक टुहुरेको स्मृतिमा प्रकाशित पुस्तक 'जनबोलीका अविश्रान्त गायक'को लोकार्पण गर्दै उनले टुहुरेको योगदानको कदर गर्दै सरकारले जनगायकको उपाधि दिएको बताए ।

नेपालको वाम लोकतान्त्रिक, राजनीतिक आन्दोलन एवं सांगीतिक क्षेत्रमा उनले पुऱ्याएको विशिष्ट योगदानकै कारण हालैको मन्त्रिपरिषद् बैठकले टुहुरेलाई जनगायकको राष्ट्रिय सम्मान प्रदान गरेको बताए । 'टुहुरेको गायकीले नागरिकको दुःख बोल्थ्यो, अन्याय विरूद्ध आवाज उठाउन प्ररित गर्थ्यो, महिलाहरूलाई आफ्नो मुक्तिका निम्ति सङ्घर्ष गर्न प्रेरित गर्थ्यो, त्यसैले उहाँ न्यायप्रेमी जनसमुदायका बीच अजर अमर गायकका रूपमा स्थापित हुनुभयो', उनले भने ।

'टुहुरे नेपालको प्रगतिवादी साहित्यिक एवं सांगीतिक आन्दोलनको एक सिद्धहस्त नेता, राजनीतिक सामाजिक रूपान्तरणका एक अविचलित अभियात्री र जनतामा विद्रोह चेत पैदा गर्ने जनप्रिय जनबोलीका गायक हुनुहुन्थ्यो', उनले भने, 'बाल्यकालदेखि नै देश र जनताको मुक्ति र परिवर्तनका निम्ति समर्पित रहनुभएका टुहुरेको सिङ्गो जीवन ऊर्जाले भरिएको छ ।'

टुहुरे नेपाली वाम आन्दोलनको एक बहुआयमिक व्यक्तित्व भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले प्रगतिवादी साहित्यिक सांस्कृतिक आन्दोलन र सामाजिक रूपान्तरणको आन्दोलन उहाँको मुख्य विधा भएको बताए । 'जतिबेला हामी राजनीतिक आन्दोलनमा सक्रिय भएर जनतालाई जागृत गर्न, सङ्गठित गर्न प्रयत्न गर्थ्यौँ, कोरा विचार प्रवाहबाट जनसमुदायलाई सङ्गठित गर्न निकै कठिन हुन्थ्यो', उनले भने, 'तर, जब साहित्यकार एवं सङ्गीतकर्मीको प्रस्तुति हुन्थ्यो, जनतामा विशेष प्रकारको अनुराग र आकर्षण हुन्थ्यो ।'

कार्यक्रममा प्रधानमन्त्री दाहालले साहित्यक साधक अनिल पौडेललाई रु एक लाख राशीको पुरस्कार प्रदान गरेका थिए । पुरस्कृत व्यक्तित्व पौडेलले पुरस्कारले जनता तथा समाजको पक्षमा सिर्जना गर्न आफूलाई अझ प्रेरित गरेको बताए ।

उक्त अवसरमा प्रधानमन्त्री दाहालले टुहुरेको स्मृति, जीवन र कार्यसमेत समाविष्ट गरी 'जनबोलीका अविश्रान्त गायक जेबी टुहुरे' स्मृतिग्रन्थ लोकर्पण गरेका थिए । पुस्तकमा वरिष्ठ राजनीतिकर्मी, लेखक, साहित्यकार एवं उनीसँग प्रत्यक्ष सम्बन्ध र सहकार्य गरेका बौद्धिक व्यक्तित्वका साथै घनिष्ठ मित्र र नातेदारका विचार र भावना समेटिएको छ ।

विसं २००१ मा मोरङमा जन्मिएका उनले सांगीतिक क्षेत्रमा प्रवेशसँगै आफूलाई जेबी टुहुरेका रूपमा स्थापित गराएका थिए । पञ्चायती व्यवस्था र राजतन्त्रकाविरूद्ध सांस्कृतिक एवं सांगीतिक आन्दोलनको नेतृत्व गरेका टुहुरेका सयौँ कृति सार्वजनिक छन् । तीमध्ये 'आँधीखोलैले मलाई दुई राने बनायो साहुको जालैले', 'छोराहरू, 'शहीदको रात', 'आमा दिदी बहिनी हो कति बस्छौं दासी बनेर'लगायत गीतले उहाँलाई राष्ट्रिय गायकमा स्थापित गरेको थियो । २०७८ साल भदौ १० गते टुहुरेको निधन भएको थियो ।

समारोहमा पूर्वप्रधानमन्त्री झलनाथ खनाल, उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक राईलगायत उपस्थित थिए ।

# बसन्त योगीको 'कल्ले खायो दर' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौँ–** संचारकर्मी तथा गीतकार बसन्त योगीको तीज गीत 'कल्ले खायो दर' आईतबार सार्वजनिक भएको छ । नेपाली मौलिकतालाई समेटेर तैयार गरिएको गीत नेपाल बार एसोसियसनका पूर्व कोषाध्यक्ष एवं बरिष्ठ अधिबक्ता मोहन ईङनामले बिमोचन गरेका हुन् । अनु चौधरीले स्वर दिएको गीतको शव्द बसन्त योगीको रहेको छ । भने संगीत तथा एरेन्ज पुस्कर सुनुवारले गरेका छन् ।




चर्चित मोडेल अन्जली अधिकारी र करिष्मा ढकालको मुख्य अभिनय रहेको गीतमा आमाको भुमिका कृष्ण कुमारी महतले निभाएकी छन् । प्रशान्त मगरले डाईरेक्सन गरेको गीतको अजय रेग्मीले छाँयांकन र प्रविन भट्टले इडिटिङ गरेका हुन् । चलन चल्तीको साधारण शव्द जोडेर बनाईएको गीत नेपाली नारीहरूको भावनालाई समेटेर तैयार गरिएको छ ।

नेपाली मौलिकता देखाउन खोजिएकोले पनि गीत दर्शक श्रोताले मन पराईदिने निर्माताको बिश्वास छ ।

# अभिनेता ताम्राकारको आर्यघाटमा अन्त्येष्टि

■ प्रभाव संवाददाता

**काठमाडौँ –** कलाकार तथा जादुगर सानु ताम्राकारको पार्थिव शरीरलाई आइतबार पशुपतिस्थित आर्यघाटमा अन्त्येष्टि गरिएको छ । अन्त्येष्टि अगाडि उनको पार्थिव शरीरलाई श्रद्धाञ्जलिका लागि आर्यघाटमा केही समय राखिएको थियो ।

नेपाल चलचित्र कलाकार सङ्घको संयोजनमा भएको श्रद्धाञ्जलि कार्यक्रममा उनको पार्थिव शरीरलाई कलाकार, आफन्त, शुभेच्छुकलगायतले श्रद्धाञ्जलि दिएका थिए । कलाकार ताम्राकारको ७४ वर्षको उमेरमा उपचारकै क्रममा शनिबार निधन भएको थियो । कलाकार सङ्घका पूर्वकार्यवाहक अध्यक्षसमेत रहेका कलाकार ताम्राकारलाई कलाकार सङ्घको झण्डा ओढाएर श्रद्धाञ्जलि दिइएको थियो ।

सङ्घका अध्यक्ष मोहन निरौलाले कलाकार ताम्राकारको निधनबाट आफू मर्माहत भएको बताए । उनले भने, 'विगत २८ दिनदेखि उपचाररत हामीमाझ रहनुभएन । उहाँको काम र कलाकारितासँगै चलचित्र क्षेत्रमा दिनुभएको योगदान हामीमाझ रहिरहने छ ।'


मिर्गौलासम्बन्धी रोगले पीडित कलाकार ताम्राकारले गत असार २१ गते छोरा तथा अभिनेता सारुकको निधन भएपछि पुत्रवियोगसमेत खेपेका थिए । उनलाई अन्तिम श्रद्धाञ्जलि दिन चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, अभिनेता दीपकराज गिरी, निर्देशक दीपाश्री निरौला, केपी पाठक, नीर शाह, रवि गिरी, वसुन्धरा भुसाललगायतका कलाकर्मी आर्यघाट पुगेका थिए । 'मेरी मामु', 'भुइँ मान्छे', 'ग्याम्ब्लर', 'पल'लगायतका चलचित्रमा अभिनय गरेका कलाकार ताम्राकारकी श्रीमती रुकमणी ताम्राकार छन् ।


## जिवनदीप बचत तथा ऋण सहकारी संस्था लि.
का.जि.का.न.पा.वडा नं.२२

### कर्जा चुक्ता गर्न आउने बारेको १५ दिने सूचना !

यस जिवनदीप बचत तथा ऋण सहकारी संस्था लि.काठमाडौँबाट तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यहरुले विभिन्न मितिमा विभिन्न प्रयोजनको लागि उपयोग गरेको कर्जाको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, हर्जना लगायत अन्य दै-दस्तुर नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेकोले संस्थाको सम्पूर्ण साँवा व्याज रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा समेत संस्थाको कर्जा चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित गरिएको मितिले १५ (पन्ध्र) दिनभित्रमा यस संस्थामा सम्पर्क गरी आफूले तिर्न बुझाउनु पर्ने साँवा, व्याज, हर्जना एवम् अन्य सम्पूर्ण दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । उल्लेखित समय अवधिभित्र पनि तपाईले यस संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता भूक्तानी नगरेमा सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५, संस्थाको कर्जा असुली कार्यविधि तथा अन्य प्रचलित कानून बमोजिम कारवाही गरी, चलअचल सम्पत्ति तथा अन्य जायजेथावाट संस्थाले आफ्ना लेना रकम असुलउपर गरी लिनेछ । तपाई ऋणीको जायजेथावाट संस्थाको कर्जा असुलउपर हुन नसकेमा धन जमानी दिनेको घरघरानाबाट लेना रकम असुलउपर गरिने व्यहोरा समेत जानाकारी गराइन्छ । साथै धन जमानी दिनुहुने व्यक्तिहरुले समेत यसै सूचनालाई आधार मानी उक्त कर्जा भुक्तानी गर्न गराउन सूचित गरिन्छ । अन्यथा ऋणी तथा जमानीकर्ता समेतलाई कालो सूचिमा सूचिकृत गरी ऋणीको जायजेथावाट नपुग रकम तपाई जमानीकर्ताको जायजेथाबाट समेत असुलउपर गरिने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल
ऋणीको विवरण

| क्र.सं. | ऋणीको नाम थर ठेगाना (तिन पुस्ते समेत) | फोटो |
|---|---|---|
| १. | ऋणी : छत्र बहादुर बस्नेत<br>न.प्र.नं. १९३७७/२१८ जि.प्र.का. खोटाङ मिति २०६१/०८/०९<br>बावु : सुर्ज बहादुर बस्नेत<br>बाजे : पदम बहादुर बस्नेत<br>ठेगाना : जि. खोटाङ, मंगलटार ५, स्थायी ठेगाना भई हाल जि. ललितपुर म.न.पा. वडा नं. |  |
| २. | ऋणी : निर बहादुर श्रेष्ठ<br>न.प्र.नं. ५४७६१/२०५९/०३/०२ रामेछाप<br>बावु : टेक बहादुर श्रेष्ठ<br>बाजे : मान बहादुर श्रेष्ठ<br>ठेगाना : जि. रामेछाप कठजोर ४ हाल |  |
| ३. | ऋणी : इलिशा भण्डारी<br>न.प्र.नं. बाँके<br>बावु : नेत्र मणी भण्डारी<br>बाजे : नेग बहादुर भण्डारी<br>ठेगाना : जि.बाँके,नेपालगञ्ज न.पा.१२ हाल |  |


## रंगशाला

# विश्वकै एक नम्बर टिमसँग खेल्दै नेपाल

■ प्रभाव संवाददाता

**काठमाडौँ–** नेपालले आफ्नो क्रिकेट इतिहासमा पहिलो पटक विश्व वरियताको नम्वर वान टोलीसँग खेल्ने भएको छ। आगामी बुधबारदेखी सुरु हुने एसिया कपमा नेपालले पाकिस्तान र भारतसँग खेल्दैछ । पाकिस्तान वर्तमान समयमा आइसीसी ओडिआई वरियतामा शीर्ष स्थानमा छ । नेपालले बुधबार मुल्तान रंगशालामा पाकिस्तानसँग खेल्नेछ ।




नेपाली क्रिकेट इतिहासमा पहिलो पटक कुनैपनि वरियता शीर्ष टोलीसँग खेल्न लागेको हो । नेपाल आइसीसीको ओडिआई विश्व वरियतामा १५ औं स्थानमा छ । यसअघि नेपालले वरियताको आधारमा सबैभन्दा माथि रहेको टोली वेस्ट इन्डिज थियो । वेस्ट इन्डिजसँग दुई महिना अघि भएको विश्वकप ग्लोबल छनोटमा जिम्बावेमा खेलेको थियो । आइसीसी विश्व ओडिआई वरियतामा त्यस समय वेस्टइन्डिज १० औं स्थानमा रहेको थियो । सोहि प्रतियोगितामा नेपालले ११ औं स्थानमा रहेको जिम्बावेसँग पनि खेलेको थियो । नेपालले आफ्नो क्रिकेट इतिहासमा पहिलो पटक भारत र पाकिस्तानसँग खेल्न लागेको हो । नेपालका उमेर समूह र महिला टोलीले खेलि सकेको छ । तर, सिनियर टोलीले कुनैपनि प्रतियोगितामा पाकिस्तान र भारतसँग खेलेको छैन ।

### सन्दीप आज पाकिस्तान जाँदै

नेपाली क्रिकेट टोलीका प्रभावशाली स्पिनर सन्दीप लामिछाने एसिया कप क्रिकेट प्रतियोगिता खेल्न पाकिस्तान जाने भएका छन् । सन्दीप एसिया कप खेल्न सोमबार बिहान पाकिस्तान प्रस्थान गर्ने जानकारी उनका कानुन व्यवसायी सरोजकृष्ण घिमिरेले दिए ।

सन्दीपको मुद्दामा आइतबार काठमाडौँ जिल्ला अदालतमा पेसी तोकिएको थियो । तर, आइतबार सुनुवाइ हुन सकेन । न्यायाधीश प्रकाशप्रसाद पण्डितको इजलासमा पेसी तोकिएको मुद्दा 'हेर्न नभ्याइने' भन्दै पन्छाइएको थियो ।

उनको मुद्दाको अर्को पेशी भदौ २१ गते तोकिएकाले उनी प्रतियोगिता खेल्न पाकिस्तान जाने निश्चित भएको हो । एसिया कपको उद्घाटन खेल भदौ १३ गते नेपाल र पाकिस्तानबीच हुँदै छ । उक्त खेल पाकिस्तानको मुल्तानमा हुनेछ ।

त्यसको चार दिनपछि नेपालले भारतसँग दोस्रो खेल खेल्नेछ । मुद्दाको पेशी भदौ २१ गते तोकिएकाले त्यसअगावै सन्दीप काठमाडौँ फर्कने जानकारी पनि कानुन व्यवसायी घिमिरेले दिए । 'सन्दीप सोमबार एसिया कप खेल्न पाकिस्तान जानेछन्,' उनले भने । सन्दीपविरुद्ध नाबालिग बलात्कारको आरोपमा मुद्दा दायर भएको हो ।

# पृतनापति ट्रफी तेघरीको देवीदल गणलाई

**महेन्द्रनगर (प्रस)–** नेपाली सेनाद्वारा आयोजित सुदूरपश्चिम पृतना ट्रफी-२०८० को उपाधि कैलालीको तेघरीस्थित देवीदल गणले जितेको छ ।



यही भदौ २ गतेदेखि सञ्चालन भएको उक्त ट्रफी प्रतियोगितामा बक्सिङ, फुटबल, बास्केटबल र पौडी विधामा देवीदल गणले उत्कृष्ट खेल प्रदर्शन गरेको थियो । यस्तै अछामस्थित गोरखबक्स गण द्वितीय तथा डोटीमा रहेको भैरवप्रसाद गण तृतीय भयो । गोरखबक्स गण भलिबल, एथ्लेटिक्स र तेक्वान्दो विधामा पहिलो स्थान हासिल गर्दै उपविजेता बन्यो । कैलालीको धनगढीस्थित तेघरी ब्यारेकमा आज आयोजित ट्रफी समापन समारोहमा सुदूरपश्चिम पृतनाका निमित्त पृतनापति सहायक रथी सुरत रावलले उपाधी तथा विजेता टोलीलाई ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गर्नुभयो । प्रतियोगिता अन्तर्गत श्री नं २५ बाहिनी अ•ाले भलिबल, बक्सिङ र पौडी सञ्चालन गरेको थियो भने श्री नं ५ बाहिनी अड्डाले बास्केटबल, एथ्लेटिक्स, फुटबल, तेक्वान्दो लगायतका खेल सञ्चालन गरेको थियो ।

प्रतियोगिताका पदक विजेता खेलाडीलाई सुदूरपश्चिम पृतनाका चिफ आफ स्टाफ सहायक रथी सुरत रावल, श्री नं २५ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी मनोज थापालगायतले ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरे । ट्रफी अन्तर्गत श्री नं ५ र २५ बाहिनी अन्तर्गत विभिन्न गण तथा गुल्मको संयोजनमा भलिबल, फुटबल, पौडी, बक्सिङ, बास्केटबल लगायतका खेल खेलाइएका थिए । समापन समारोहमा निमित्त पृतनापति रावल, श्री नं २५ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी थापा, श्री नं ५ बाहिनी अड्डाका बाहिनीपति सहायक रथी दिपेशजङ्ग शाहलगायत विभिन्न गण तथा गुल्मपति र सैनिक अधिकृतको सहभागिता रहेको थियो ।

नेपाली सेनाले खेलाडीमा सामुहिक भावनाको विकास गर्न तथा स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद तथा स्पोर्ट्स फर फ्रेन्डसिपका लागि बर्सेनि ट्रफी प्रतियोगिता आयोजना गर्दै आएको छ ।


श्री मध्य पश्चिम पृतना ई.एम.ई. गण योगिकुटी ब्यारेक, बुटवल

### विधुतीय बोलपत्र (e-GP) आह्वानको सूचना

सूचना नं. NA/DIV-MIDWEST-EMEBN/080/81/1
प्रथम पटक प्रकाशित मिति २०८०/०५/११ गते

१. चालु आ.व. २०८०/०८१ मा यस ई.एम.ई. गणलाई आवश्यक पर्ने बिभिन्न किसिमका सवारी साधनहरुको स्पेयर पार्टसहरुको e-GP System को माध्यमबाट ठेक्का लिई आर्पुती गर्न नेपाल सरकारबाट सम्बन्धित कामको लागि ईजाजत प्राप्त इच्छुक फर्म र संस्था र कम्पनी र सप्लार्यसको लागि यो बोलपत्र आह्वान गरिएको छ ।

| सि.नं. | कामको विवरण | बोलपत्र दस्तुर ने.रु. (फिर्ता नहुने) | बोलपत्र जमानत ने.रु. | मान्य हुने अबधि | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|
| १ | बिभिन्न सवारी साधनहरुको स्पेयर पार्टसहरुको आपुर्ति | ३,०००।०० | १,०३,०००।०० | ९० दिन | २०८०/०६/१० गते को १२:०० बजे | २०८०/०६/१० गतेको १३:०० बजे मध्य पश्चिम पृतना ई.एम.ई. गण योगिकुटी ब्यारेक, बुटवल |

२. थप जानकारीको लागि फोन नं.०७१४१९२१६ तथा ईमेल: *div-midwest-eme@nepalarmy.mil.np* मा सम्पर्क राख्नु सकिने र बोलपत्र *www.bolpatra.gov.np/egp* सिस्टम मार्फत विड गर्नु पर्ने छ ।
३. राजश्व दाखिलाको लागि कार्यालय कोड नं.३४५०१४८१३ कार्यालय मध्य पश्चिम पृतना ई.एम.ई. गण र राजश्व खाता नं.०१००२०१२७७०० ९०१६ कृषि विकास बैंक लिमिटेड बैक, राजश्व शिर्षक नं.१४२२९ मा दाखिला गर्नु पर्नेछ ।
४. बोलपत्र जमानत दाखिलाको लागि कार्यालय कोड नं.३४५०१४८१३ धरौटी खाता नं.०४१४३०१०१४२५३०२७ खाता संचालन गर्ने कार्यालयको नाम को.ले.नि.का., भैरहवां, रुपन्देही ।

# 'भारतसँग मंगल र शुक्रग्रहमा पुग्ने सामर्थ्य छ'

**तिरुवनन्तपुरम (केरला)–** भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) का अध्यक्ष एस सोमनाथले चन्द्रमा, मंगल र शुक्रग्रहको यात्रा गर्न भारत सक्षम रहेको बताएका छन् ।

तिरुवनन्तपुरममा पत्रकारहरूसँग शनिबार राति कुरा गर्दै उनले जुनसुकै ग्रहमा पुग्नसक्ने सामर्थ्य भारतको रहेको दाबी गरे । इसरोका वैज्ञानिकको आत्मविश्वास बढाउन आवश्यक भएको उल्लेख गर्दै उनले प्रधानमन्त्री नरेन्द्र मोदीले प्रस्तुत गरेको लक्ष्य पूरा गर्न इसरो तयार रहेको बताए । 'हामीलाई थप लगानीको खाँचो छ, अन्तरिक्ष क्षेत्रको विकास गर्नुपर्छ र यसबाट सिंगो राष्ट्रको विकास गर्नुपर्छ, त्यो हाम्रो लक्ष्य हो,' इसरोले चन्द्रयान–३ परियोजना पर्याप्त लगानीका बाबजुद सफलतापूर्वक सम्पन्न गरेको सुनाउँदै उनले भने ।

यसअघि शनिबार नै प्रधानमन्त्री नरेन्द्र मोदी बेंगलुरुको इसरो मुख्यालयमा पुग्दा उनलाई हार्दिक स्वागत गरिएको थियो । उनले तेस्रो चन्द्रयान टोलीमा संलग्न इसरोका महिला वैज्ञानिकका साथै अन्य वैज्ञानिकहरूको टोलीलाई भेटेर अबदेखि हरेक वर्ष अगस्ट २३ लाई राष्ट्रिय अन्तरिक्ष दिवसको रूपमा मनाइने घोषणा गरेका थिए ।

गत बुधबार साँझ चन्द्रमाको दक्षिण ध्रुवमा चन्द्रयान–३ सफलतापूर्वक अवतरण भएको थियो । चद्रमाको दक्षिणी ध्रुवमा यान अवतरण गराउने भारत पहिलो देश बनेको छ । *रासस/एएनआई*

# युद्धअभ्यासमा अमेरिकी विमान दुर्घटना, तीन जना जल सैनिकको मृत्यु

**डार्विन–** संयुक्त राज्य अमेरिकाको ओस्प्रे सैन्य विमान आइतवार युद्धअभ्यासका क्रममा अस्ट्रेलियाको उत्तरमा अवस्थित दुर्गम टापुमा दुर्घटना हुँदा तीन जना जल सेनाका अधिकारीको मृत्यु भएको छ भने पाँच जनालाई गम्भीर अवस्थामा उद्धार गरी डार्विन अस्पतालमा भर्ना गरिएको छ ।

अमेरिकी सैन्य अधिकारीहरूका अनुसार विमानमा २३ जना सैन्य कर्मचारी थिए । अस्ट्रेलियाली प्रहरी दुर्घटनास्थलमा चालक दलका सदस्य तथा बाँकी घाइतेको उद्धारमा सक्रिय रहेको जनाइएको छ । प्रधानमन्त्री एन्थोनी अल्बानीजले घटनाप्रति दुःख व्यक्त गरेका छन् ।

संयुक्त युद्धअभ्यासमा अमेरिका, अस्ट्रेलिया इन्डोनेसिया र फिलिपिन्सका हजारौं सैनिकले भाग लिएका छन् । उत्तरी अस्ट्रेलिया पछिल्ला वर्षमा अमेरिकी सेनाका लागि महत्त्वपूर्ण रणनीतिक स्थान बनेको छ । एसिया–प्रशान्त क्षेत्रमा चीनको सामना गर्न अमेरिकाले उक्त स्थान सैन्य अभ्यासलाई प्राथमिकता दिएको हो ।

ओस्प्रे विमानको इतिहास त्यति सुखद छैन । यो विमान समस्याग्रस्त रहेको उड्डयन क्षेत्रका जानकार बताउँछन् । हेलिकप्टरको टिल्ट–रोटर र विमानको टर्बोप्रप अर्थात् दुईवटा घुम्ने इन्जिन पनि भएको र विमानका झैं पखेटायुक्त द्रुत गतिमा उड्ने ओस्प्रे गत वर्ष नर्वेमा नेटो प्रशिक्षण अभ्यासका क्रममा दुर्घटना हुँदा जल सेनाका चार जना अमेरिकी अधिकारीले ज्यान गुमाएका थिए ।

सन् २०१७ मा अस्ट्रेलियाको उत्तरी तटीय समुद्रमा अवतरण गर्ने क्रममा तीन जना र एरिजोना राज्यमा अभ्यासको क्रममा ओस्प्रे दुर्घटना हुँदा १९ जना मरिन कर्प्सका अधिकारीको प्राणान्त भएको थियो । ओस्प्रे विमान साधारण हेलिकप्टरभन्दा द्रुत गतिमा उड्नसक्छ भने सोझै विमानस्थलमा नदौडाई सोझै उडाउन र अवतरण गर्नसकिन्छ । *रासस/एएफपी*

# जातीय घृणाका कारण अमेरिकामा तीन जना अश्वेत मारिए

**वासिङ्टन–** जातीय घृणाले प्रेरित एक जना गोराले फ्लोरिडास्थित सहुलियत मूल्यमा उपभोग्य सामग्री बेच्ने पसलमा तीन जना अश्वेतलाई गोली हानेर हत्या गरेका छन् । प्रहरीसँगको झडपपछि उनले आफ्नो पनि ज्यान लिएको अधिकारीहरूले बताएका छन् ।

'आक्रमणकारीले कालो वर्णका मानिसको समूहलाई निशाना बनाएका थिए । उसको परिवारका सदस्यले फेला पारेको घोषणापत्रमा पनि उनीहरूलाई मार्न उसले गरेको घृणित दृढ निश्चयको विवरण छ,' कानुन कार्यान्वयन कार्यालय ज्याक्सनभिलका प्रमुख टीके वाटर्सले २० वर्षीय आक्रमणकारीबारे जानकारी दिँदै बताए ।

विशेषतः अश्वेतहरू अध्ययन गर्ने राज्यको ऐतिहासिक एडवर्ड वाटर्स विश्वविद्यालय नजिक भएको उक्त घटनामा विश्वविद्यालयका कसैलाई हानि नभएको जनाइएको छ । आक्रमणकारी केही दिनअघि विश्वविद्यालय परिसरमा देखिएको थियो ।

आक्रमणको अनुसन्धानमा संलग्न अधिकारीहरूका अनुसार आक्रमणकारीको कुनै आपराधिक वा अन्य संगठित संस्थासँग कुनै संलग्नता नरहेको प्रारम्भिक अनुसन्धानबाट पुष्टि भएको छ । अब केन्द्रीय जाँच ब्युरो (एफबिआई)ले घटनाको विस्तृत अनुसन्धान गर्नेछ । आक्रमाणकारी एक्लैले उक्त घटना गराएको हो । *रासस/एपी*


## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LULU BAHRAIN HYPERMARKET WLL
पुर्व स्वीकृति मिति २०८०/०५/०८ LT. No. 291510 चलानी नं. ६०२०६८००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 25 | 75 | 143.50 | ५०,३४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 75 | 0 | 123.50 | ४३,३३० | | | | | | | |
| 3 | Retail Trade Saleman | 50 | 25 | 143.50 | ५०,३४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क ।-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JOB SEEKER MANPOWER Pvt. Ltd.**
श्रम ईजाजत नं. २३५/०५८/०५९
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np
Website :www.jobseekermanpower.com.np



## साउदीमा रोजगारको अवसर

कम्पनी : NOURA BINT MATAR BIN RAJAA AL-MUTAIRI FOUNDATION FOR FACILITIES MANAGEMENT
पुर्व स्वीकृति मिति २०८०/०५/१० LT No.291705 चलानी नं. ६०२०६८४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 18 | 0 | 1000 | ३५,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAXON TRANSPORTATION COMPANY
पुर्व स्वीकृति मिति २०८०/०४/०३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१० LT No.289638 चलानी नं. ६०२०४८९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६३,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
श्रम ईजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AFAQCOM CO. LTD IS A ONE PERSON COMPANY
पुर्व स्वीकृति मिति २०८०/०५/०८ LT. No. 291604 चलानी नं. ६०२०४१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 15 | 0 | 1000 | ३५,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALPHA GUARD SECURITY SERVICES SDN BHD
पुर्व स्वीकृति मिति २०८०/०१/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१० LT. No.284768 चलानी नं. ६०२००२७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 54 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Friendship And Cooperation Recruitment Pvt.Ltd**
FC श्रम ईजाजत नं. १५८९/०७९/०८०
Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-014493647
E-mail: fcmanpower1589@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : D'WIN RESOURCES SDN BHD
पुर्व स्वीकृति मिति २०८०/०५/१० LT. No. 291699 चलानी नं. ६०२०६८७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 25 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रोजगारदाता कम्पनीले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.**
श्रम ईजाजत नं. ३१७/०५९/०६०
सामाखुसी-२६, काठमाडौं, फोन नं. : ४९५७७३४, ४९८१९२२, ४९८३९४४,
Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMANI HUSSEIN BIN NASSER AL-ZABADEN JUICES TO PROVIDE DRINKS
पुर्व स्वीकृति मिति: २०८०/०५/०८ LT. 291591 चलानी नं. ६०२०६८०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Coating Agent | 3 | 0 | 1500 | ५२,९१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Vehicle Plumbers | 1 | 0 | 1500 | ५२,९१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PETRO GOLD COMPANY LIMITED
पुर्व स्वीकृति मिति २०८०/०५/१० LT. No. :291690 चलानी नं. ६०२०६८४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1000 | ३५,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REGIONS WATER PROOFING & CONTRACTING LLC
पुर्व स्वीकृति मिति : २०७९/१२/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/१० LT. No. 284409 चलानी नं. ६०१९९८३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 1 | 0 | 1100 | ४२,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 22 | 0 | 1100 | ४२,७९० | | | | | | | |
| 3 | Civil Engineer | 1 | 0 | 4000 | १४२,६३५ | | | | | | | |
| 4 | Concrete Mason | 1 | 0 | 1100 | ४२,७९० | | | | | | | |
| 5 | Die Maker | 1 | 0 | 1100 | ४२,७९० | | | | | | | |
| 6 | Electrician | 2 | 0 | 1100 | ४२,७९० | | | | | | | |
| 7 | Jointer | 1 | 0 | 1100 | ४२,७९० | | | | | | | |
| 8 | Painter | 1 | 0 | 1100 | ४२,७९० | | | | | | | |
| 9 | Site Supervisor | 1 | 0 | 2500 | ८९,१४५ | | | | | | | |
| 10 | Tile Layer | 1 | 0 | 1100 | ४२,७९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १८ गते (4th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रोजगारदाता आफैले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Advance Recruitment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४४४/०६०/०६१
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १११९०० | प्रति तोला – ११०५५० | प्रति तोला – १४६० |

## आर्थिक कूटनीतिलाई प्राथमिकतामा राख्न आग्रह




**काठमाडौं (प्रस)–** नेपाल उद्योग परिसङ्घले विदेशस्थित नेपाली राजदूतावासमार्फत स्वदेशी वस्तुहरूको निर्यात एवं प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राख्न आग्रह गरेको छ । अध्यक्ष राजेशकुमार अग्रवाल नेतृत्वको परिसङ्घ टोलीले आज परराष्ट्रमन्त्री एनपी साउदसँग छलफल गर्दै वैदेशिक लगानी भित्र्याउन, स्वदेशी वस्तुहरूको प्रवर्द्धन गर्न तथा पर्यटन प्रवर्द्धन गर्नका लागि आर्थिक कूटनीतिलाई उच्च प्राथमिकतामा राख्न आग्रह गरेको हो ।

अध्यक्ष अग्रवालले प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न नीतिगत स्थायित्व, सहज व्यावसायिक वातावरण र छिटो छरितो निर्णय गर्ने संयन्त्र आवश्यक रहेकोमा जोड दिए । उनले नेपालमा वैदेशिक लगानी आकर्षित गर्न सम्बन्धित देशका लगानीकर्तासँगको व्यावसायिक सम्बन्ध विस्तार गर्न आवश्यक रहेको बताए । यसका लागि नेपाली दूतावासहरूले व्यावसायिक प्रतिनिधिमण्डलको नियमित भ्रमण तथा अन्तरक्रिया गर्न सहजीकरण गर्नुपर्ने परिसङ्घको भनाइ छ ।

भारतदेखि विराटनगरसम्म सुरु भएको कार्गो रेलवे सेवा सञ्चालनका लागि निरन्तरता दिनुपर्ने, नेपाल-भारतबीच 'मोटर भेहिकल एग्रीमेन्ट' गरी नेपाली मालवाहक एवं अन्य सवारी साधनहरूको आवतजावतलाई सहज बनाइनुपर्नेमा परिसङ्घले जोड दिएको छ । छलफलका क्रममा परराष्ट्रमन्त्री साउदले परिसङ्घले उठाएका विषयहरूलाई उच्च प्राथमिकतामा राख्ने बताए । मुलुकमा व्यावसायिक वातावरण बनाउने र स्वदेशी वस्तुको प्रवर्द्धनका लागि कूटनीतिक पहल गर्ने विषयमा मन्त्रालय सधैँ तयार रहने उनको भनाइ छ ।

# प्रसारणलाइन निर्माणमा आशातीत सफलता

## नौ वर्षमा थप तीन हजार १०० सर्किट किलोमिटर प्रसारणलाइन

**काठमाडौं–** बिजुलीको सहज प्रसारण तथा वितरणका लागि सरकारले प्रमुख प्राथमिकताका साथ प्रसारण लाइन निर्माण अगाडि बढाएको छ । आन्तरिक तथा बाह्य रूपमासमेत सहज बिजुली प्रवाहका लागि प्रसारण महासञ्जाल निर्माणमा सरकारले गरेको लगानीको प्रतिफलसमेत क्रमशः देखिन थालेको छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले प्रसारण लाइन निर्माणलाई महत्वका साथ अगाडि बढाएको जनाएको छ । कार्यान्वयन गर्ने निकायका रूपमा रहेको नेपाल विद्युत् प्राधिकरणले प्रसारण लाइन निर्माणलाई प्राथमिकतामा राखेको जनाएको छ । नेपालको विद्युत् प्रसारण प्रणालीमा विगत नौ वर्षमा तीन हजार एक सय १८ किलोमिटर सर्किट प्रसारण लाइन थपिएको प्राधिकरणको भनाइ छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले प्रसारण लाइन निर्माणलाई तीव्रगतिमा अगाडि बढाउन र त्यसमा देखिएका समस्या समाधानका लागि प्रभावकारी रूपमा क्रियाशील हुन प्राधिकरण र सम्बद्ध निकायलाई निर्देशन दिएका छन् । लोडसेडिङको अन्त्यपछि विद्युतीकरण र उपभोक्तालाई पर्याप्त, भरपर्दो, गुणस्तरीय तथा सुरक्षित विद्युत् आपूर्तिलाई उच्च प्राथमिकतामा राखी काम गरिरहेको प्राधिकरणले प्रसारण र वितरणतर्फका पूर्वाधार विस्तार र सुधारलाई व्यापक रूपमा अगाडि बढाएको छ ।



प्राधिकरणले प्रसारण र आयोजना व्यवस्थापन निर्देशनालयमार्फत प्रसारण लाइन तथा सबस्टेसन आयोजना निर्माण गरिरहेको छ । विद्युत्गृहबाट उत्पादित विद्युत् ग्राहकको घरसम्म पुऱ्याउन प्रसारण तथा वितरण लाइन र सबस्टेसन आवश्यक पर्दछ ।

विगत नौ वर्षमा ग्रीड सबस्टेसनको क्षमता आठ हजार आठ सय ६७ एमभिए पुगेको छ । नौ वर्षअघि अर्थात् आर्थिक वर्ष २०७१/७२ मा सबस्टेसनको क्षमता दुई हजार एक सय ३२ एमभिए मात्र रहेकोमा आव २०७९/८० मा आइपुग्दा सबस्टेसनको क्षमता छ हजार सात सय ३५ एमभिए बढेको हो । आव २०७१/७२ मा ६६ र एक सय ३२ केभीबाट मात्र विद्युत् प्रसारण भइरहेकोमा अहिले ६६, १३२, २२० र ४०० केभी लाइन सञ्चालनमा छन् । आव २०७१/७२ मा दुई हजार छ सय २४ सर्किट किलोमिटर प्रसारण लाइनमा रहेकोमा हाल तीन हजार एक सय १८ सर्किट किलोमिटर थपिएर आव २०७९/८० मा पाँच हजार सात सय ४२ सर्किट किलोमिटर पुगेको छ ।

आव २०७२/७३ सम्म ६६ र एक सय ३२ केभी लाइन मात्र प्रसारण लाइन रहेकोमा आव २०७३/७४बाट २२० र ४०० केभी प्रसारण लाइन सञ्चालनमा आएका हुन् । अहिले प्रणालीमा ६६ र १३२ केभी प्रसारण लाइनको लम्बाइ क्रमशः पाँच सय १४ र तीन हजार नौ सय ७९ सर्किट किलोमिटर छ । यसैगरी, दुई सय २० र चार सय केभी प्रसारण लाइनको लम्बाइ क्रमशः एक हजार एक सय एक र एक सय ४८ सर्किट किलोमिटर छ । आव २०७५/७६ मा सबैभन्दा बढी अर्थात छ सय छ सर्किट किलोमिटर प्रसारण लाइन थपिएको छ भने आव २०७४/७५ मा सबैभन्दा कम एक सय ४१ सर्किट किलोमिटर लाइन थपिएको छ । गत आवमा चार सय १३ किलोमिटर सर्किट किलोमिटर प्रसारण लाइन प्रणालीमा थपिएको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्राविधिक कारणले समय-समय विद्युत् गएको भन्ने उपभोक्ताको गुनासोलाई सम्बोधन गर्न तथा पर्याप्त, भरपर्दो, गुणस्तरीय तथा सुरक्षित विद्युत् आपूर्तिका लागि विगतका वर्षबाट प्रणालीका पूर्वाधार संरचनाको सुधार र सुदृढीकरणलाई योजनावद्ध रूपमा अगाडि बढाएर कार्यान्वयन लगिएको बताए ।

कार्यकारी निर्देशक घिसिङले प्रसारण लाइनका आयोजना निर्माणमा मुख्य रूपमा स्थानीयवासीको अवरोध, जग्गा प्राप्ति र वन क्षेत्रको जग्गा उपभोग तथा रुख कटानमा समस्या रहेका र ती समस्यालाई समाधान गर्दै आयोजनाको काम भइरहेको उल्लेख गरे ।

'वन क्षेत्रको जग्गा उपभोग तथा रुख कटान स्वीकृतिका लागि एकातर्फ लामो समय लाग्ने गरेको छ भने अर्कोतर्फ ठूलो रकम सरकारकै अर्को निकायलाई क्षतिपूर्तिस्वरूप तिर्नुपर्ने अवस्था छ, यसले गर्दा आयोजनाको अवधि लम्बिने मात्र होइन हाम्रो उत्पादित विद्युत्को मूल्य महँगो हुँदै गइरहेको छ', कार्यकारी निर्देशक घिसिङले भने । 'आगामी दश वर्षलाई देश विकास दशक घोषणा गरी वर्तमान ऐन कानुन व्यापक संशोधन वा प्रतिस्थापन गर्नुपर्ने टड्कारो आवश्यता देखिन्छ, वन क्षेत्रको जग्गा उपभोगलाई सहज बनाउन चालु आवको बजेटमार्फत घोषणा गरिएका कार्यक्रमलाई शीघ्र कार्यान्वयनमा लैजानु पर्छ', उनले अगाडि भने ।

सन् २०५० सम्मको विद्युत् माग धान्ने गरी काठमाडौंलगायतका देशका प्रमुख सहरलाई ११ वटा 'क्लस्टर'मा विभाजन गरी प्रसारण तथा सबस्टेसन संरचनाको गुरुयोजना तयार पारिएको उल्लेख गर्दै घिसिङले यसका लागि स्रोत जुटाई क्रमिकरूपमा निर्माण अगाडि बढाइने बताए । साथै, तराई/मधेसका दक्षिण क्षेत्रमा औद्योगिक तथा सहरी क्षेत्र विस्तारलाई ध्यान दिई हुलाकी राजमार्गको आसपासबाट ४००, २२० र १३२ केभी पूर्व-पश्चिम प्रसारण लाइन निर्माण प्रारम्भ गरिएको उनले उल्लेख गरे । *रासस*

# कर्पोरेट

## हुलास वायर 'सम्बर्द्धन समारोह' सम्पन्न




**विराटनगर (प्रस)–** सोल्टि वेष्टन मा हुलास वायर इण्डष्ट्रिज लि.ले हुलास वायर 'सम्बर्द्धन समारोह' सम्पन्न गरेको छ । लामो समयदेखि प्रख्यात ब्राण्डलाई अझ सुदृढ र परिस्कृत गर्दै लैजाने विश्वासका साथ भव्य समारोहका बिच कोशी प्रदेशका नवनियुक्त मुख्यमन्त्री उद्धव थापा को प्रमुख आतिथ्यमा सम्पन्न भएको हो ।

उक्त अवसरमा बिभिन्न श्रेणीमा कार्यरत विशिष्ट अतिथिहरूका साथै उलेख्य मात्रामा पत्रकार समुह तथा हुलास वायर इण्डष्ट्रिजमा कार्यरत तथा पुराना दक्ष कर्मचारीहरूको बाक्लो उपस्थिति रहेको थियो । हुलास वायरका ब्राण्ड एम्बेस्डर क्याप्टेन विजय लामा, कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापा, हुलास वायरका अध्यक्ष राजलक्ष्मी गोल्छा, तथा प्रबन्ध निर्देशक युक्ति गोल्छाले हुलास वायर को लोगो तथा विज्ञापनको भिडियो सामुहिक रूपमा रिमोटद्वारा स्विचिंग गरि समारोहको उद्घाटन गरे । कम्पनीका ब्राण्ड एम्बेस्डर क्याप्टेन विजय लामाले कम्पनीसँगको सहकार्य बारे बोलेका थिए ।

उक्त कार्यक्रममा लामो समयदेखि कम्पनीमा आबद्ध संघ संस्था एवं हुलास वायरका सदस्यहरूलाई अध्यक्ष राजलक्ष्मी गोल्छा, प्रमुख अतिथि मुख्यमन्त्री उद्धव थापा, ब्रान्ड एम्बेस्डर क्याप्टेन विजय लामा, एमडी युक्ति गोल्छाद्वारा स-सम्मान कदरपत्र वितरण गरिएको थियो । कार्यक्रमको अन्त्यमा कोशी प्रदेशका मुख्यमन्त्री थापाले हुलास वायर इण्डष्ट्रिजलाई शुभकामना दिएका थिए ।

## महालक्ष्मी विकास बैंकको परिष्कृत अनलाइन सेवा सञ्चालनमा

**काठमाडौं (प्रस)–** ग्राहकहरूको डिजिटल बैंकिङ्गको आवश्यकता र चाहनालाई मध्यनजर गर्दै महालक्ष्मी विकास बैंकद्वारा सञ्चालित अनलाइन सेवाहरूलाई परिष्कृत गर्दै पुनः सञ्चालनमा ल्याएको छ । बैंकले अनलाइन सेवालाई परिष्कृत गरेसँगै ग्राहकहरूले अनलाइन मार्फत सहजै रूपमा खाना खोल्न, केवाईसी अपडेट, नयाँ डेबिट कार्ड, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, नयाँ लकर र मर्चेन्ट जस्ता सेवा प्राप्त गर्न सकिन्छ ।




त्यसका लागि बैंकका आधिकारिक वेवसाइटबाट ग्राहकले सेवा लिन सकिने जनाइएको छ । बैंकले डिजिटल बैंकिङ्गलाई प्रोत्साहन गर्दै विद्युत्तीय सेवाहरूलाई प्रभावकारी बनाउने उद्देश्यले बैंकले उक्त अनलाइन सेवालाई संशोधन गरेको हो ।

'सबल बैंक, सफल सहकार्य'को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २९ वर्ष देखि अनवरत रूपले सरल र सहजताका साथ वित्तीय सेवा प्रदान गर्दै आईरहेको बैंकले आगामी दिनहरूमा पनि डिजिटल बैंकिङ्गका कार्यहरूलाई थप प्रभावकारी रूपमा निरन्तरता दिने जनाएको छ । विगत देखि नै ग्राहक महानुभावहरूको आम्दानीमा उच्च प्रतिफल दिन प्रतिबद्ध रहिआएको यस बैंकले आम ग्राहक महानुभावहरूको बैंकिङ्ग आवश्यकता, चाहना तथा अपेक्षालाई मध्यनजर गर्दै अझै थप गुणस्तरिय वित्तीय सेवा प्रदान गर्ने प्रतिवद्धता जनाएको छ ।

## नबिल बैंक 'सेल्स एक्सिलेन्स अवार्ड–२०२३' बाट सम्मानित




**काठमाडौं (प्रस)–** नबिल बैंक लिमिटेडले बैंक तथा वित्तीय संस्थाको विधामा 'सेल्स एक्सिलेन्स अवार्ड २०२३' बाट सम्मानित भएको छ । ग्रोथ लिडरशीप एकाडेमीले शुक्रबार आयोजित 'सेल्स समिट' कार्यक्रममा बैंकलाई उक्त अवार्डबाट सम्मान गरेको हो ।

कार्यक्रममा नेपाल बैंकर्स एसोशियनका अध्यक्ष सुनिल केसीले नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीलाई अवार्ड हस्तान्तरण गरेका थिए । मर्जर एक्वीजीसन पश्चात्का वर्षहरूमा बैंकहरूमा हुने समायोजनका कारण व्यवसाय वृद्धिमा असर पर्ने सामान्य अवस्था भन्दा भिन्न हिसाबले नबिल बैंकले आर्थिक वर्ष २०७९-८० मा बैंकिङ क्षेत्रकै सबैभन्दा बढी व्यवसाय वृद्धि गर्न सफल गरेकाले यो अवार्डमा छनौट भएको आयोजकको भनाई छ । उक्त कार्यक्रममा नबिल लगायत ११ संस्था र १० व्यक्तिलाई सेल्स र मार्केटिङ्गको विभिन्न विधामा अवार्डबाट सम्मानित गरेको थियो ।

नबिल बैंक नेपालको एक अग्रणी बैंक हो । नबिलले १८ लाख भन्दा बढी सेवाग्राहीहरूलाई देशभरिको २ सय ६५ शाखा र २ सय ९८ एटिएम मेसिनहरूबाट सेवा प्रदान गर्दै आएको छ । नबिल बैंकले नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेल्नुका साथै नेपालको बैंकिङ विकासको इतिहासमा कोसेढुङ्गाको रूपमा काम गर्दै आएको छ ।

# नेप्से परिसूचकको ओरालो यात्रा जारी

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि २० दशमलव ५४ अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार परिसूचक २० दशमलव ५४ अंकले ओरालो लागेर एक हजार नौ सय ९३ दशमलव ३८ कायम भएको छ । कारोबारमा ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ४४ अंकले ओरालो लागेर तीन सय ८२ दशमलव ११ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये आज सामूहिक लगानी कोषको सेयर मूल्यमा उकालो लागेको छ भने १२ उपसमूहको सेयर मूल्यमा गिरावट आएको छ । नेप्सेका अनुसार विभिन्न कम्पनीका कूल ३८ लाख ९५ हजार दुई सय ३६ कित्ता सेयर रु एक अर्ब २६ करोड २७ लाख ६७ हजार आठ सय ७६ मूल्यमा कारोबार भएको छ ।

नेप्सेका अनुसार कुथेली बुखरी स्मल हाइड्रोपावरको सेयर मूल्य १० प्रतिशतले बृद्धि भई सकारात्मक सर्किट लागेको छ । साथै स्वाभिमान लघुवित्त छ, सिटिजन म्युचुअल फण्ड पाँच दशमलव ८८, पिपुल्स पावर पाँच दशमलव १८ र अप्पर सोलु हाइड्रो इलेक्ट्रिकको सेयर मूल्य चार दशमलव ८९ प्रतिशतले बढेको छ । यस्तै, कमर जीतमाया सुरी हाइड्रोपावर नौ दशमलव ६३, लिवर्टी इनर्जी छ दशमलव ३०, अप्पर स्याङ्गे हाइड्रोपावर पाँच दशमलव ७९, माहुली लघुवित्त पाँच दशमलव ६८ र खानीखोला हाइड्रोपावरको सेयर मूल्य पाँच दशमलव ५१ प्रतिशतले बढेको छ ।

पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुंगी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने ट्यांकी समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ